STUDY JAPAN
६ महिना tuition fees & Hostel
गरि रू.492960।- मात्रमा प्रोशेस गर्न सकिने
Intake: October/Jan
⟡Free NAT/JLPT classes ⟡Pay after visa
⟡100% Part Time Job support ⟡Full support in Japan
⟡+12 & above can apply ⟡Scholarship available
⟡Translation & Documentation ⟡NAT/JLPT not required
⟡School & Location of your Choice
⟡NAT/JLPT classes are running by language expert
Hurry up limited seat only
NADESHIKO Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware को)
977-61-522668, 533421,9805877868

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily
○वर्ष ५ ○अंक २६६ ○श्रेणी 'क' ○२०७१ असार २४ गते मंगलबार ○ 8 July, 2014 ○पृष्ठ ४ ○मूल्य रू. ३/-

5th EPS TOPIK कोरियाको लागि
कोरियन भाषा
✓दक्ष तथा अनुभवी प्रशिक्षक ।
✓EPS-TOPIK परिक्षा सम्बन्धी निःशुल्क परामर्श ।
✓सस्तो तथा भरपर्दो HOSTEL को व्यवस्था ।
✓FREE books with cd
✓Regular class/ Mock test
✓शुभमा आउनेहरुलाई विशेष छुट ।
Hurry Up!!!
PLATFORM INT'L EDUCATION
Prithivi Chowk,Pokhara
Ph: 061-541104

एमालेको नेतृत्व चयन मतदानबाटै हुने

जबज'लाई 'नेबज', पदाधिकारी थप्नेमा मिश्रित मत, बन्दसत्रमा मात्रै प्रतिवेदन, विद्युतीय मतदान नहुने

गोल्डेन न्युज संवाददाता
काठमाडौं २३ असार ।

नेकपा (एमाले) को नयाँ नेतृत्वमा सहमति हुने सम्भावना हुने कम हुँदै गएको छ । अध्यक्षका प्रत्याशी वरिष्ठ नेता माधवकुमार नेपाल र नेता केपी शर्मा ओली सम्मुहले आफ्नो चुनावी अभियानलाई कायम राख्दै प्रतिनिधिलाई आफ्नो तर्फ आकर्षित गर्ने काम गरिरहेका छन् । वरिष्ठ नेता नेपाल समूहले वर्तमान अध्यक्ष झलनाथ खनालले आफूलाई समर्थन गर्ने जनाउँदै संयुक्त समूहको घोषणाको तयारी गरेको छ ।

महाधिवेशनस्थलस्थितको सूचना केन्द्रमा सोमवार आयोजित पत्रकार भेटघाटमा प्रचार तथा प्रकाशन विभागका प्रमुख प्रदीपकुमार ज्ञवालीले सर्वसम्मतिमा नेतृत्व चयन हुने सम्भावना कम रहेको बताए । उनले मङ्गलवार साँझसम्म सम्मुहगत प्रस्तुति सकिएर उम्मेदवारको दर्ता हुन सक्ने बताए । एमालेमा विद्युतीय वा कुन विधिबाट मतदान गर्ने भन्ने पनि अझै टुङ्गो लागेको छैन । नेता ज्ञवालीले विद्युतीय मतदान भएमा यही असार २६ गतेसम्ममा निर्वाचन सम्पन्न हुने तर मतपत्रमा आधारित मतदान भएमा थप केही दिन लम्बिन सक्ने जानकारी दिए ।

उनले प्रतिनिधि सकेसम्म सहमतिमा नेतृत्व चयन होस् भन्ने पक्षमा रहेको र निर्वाचन भएमा पनि स्वच्छ प्रतिस्पर्धा होस् भन्ने पक्षमा रहेको बताए । महाधिवेशन स्थलमा पत्रकारसँग कुरा गर्दै नेता सुरेन्द्रप्रसाद पाण्डेले खनाल र नेपालबीचको छलफलबाट विधान संशोधन गरी पदाधिकारी बढाउने/नबढाउने निर्णय नआएकाले समूह घोषणामा ढिलाइ भएको बताए । आफू महासचिवको उम्मेदवार बन्ने पक्का भएको बताउँदै पाण्डेले अध्यक्षमण्डललाई विधान संशोधनको विषय चाँडो टुङ्ग्याउन अनुरोध गरिएको जानकारी दिए । नेपाल पक्षका अर्का नेता रघुजी पन्तले वरिष्ठ नेता नेपालले १८१ मतले अध्यक्ष जित्ने जिकिर गर्नुभयो । महाधिवेशनमा कुल दुई हजार १२५ जना प्रतिनिधि छन् । उनले विभिन्न १९ टोलीका नेताहरुको निर्वाचनको परिणामले पनि आफूहरु जित्ने विश्वास व्यक्त गरे । पन्तले महाधिवेशनलाई कार्यकर्तालेहरिरहेकाले जुनसुकै समूहको भए पनि संयमित र मर्यादित हुन आग्रह गरे ।

बन्द सत्रमा विभिन्न प्रतिवेदन माथिको छलफलका लागि गठित १९ समूहमध्ये नौ समूहले आफ्नो प्रस्तुति सकेका छन् । राप्ती, जनकपुर, केन्द्रीय निकाय, जनसङ्गठन, तल्लो लुम्बिनी समूह लगायतका टोली नेताले प्रस्तुति सकेका हुन् । अधिकांश टोलीले अध्यक्ष खनालको राजनीतिक प्रतिवेदन उचित छ भन्दै ३५ वर्षमा नेपाललाई समुन्नत र विकासशील बनाउने लक्ष्यको ठोस कार्ययोजना ल्याउन माग गरेका थिए ।

यस्तै पाटीमा वैचारिक एकता हुन नसकेको, आर्थिक पारदर्शिता नभएको, उचित मूल्याङ्कन नभएको बताउँदै युवा र महिलाको सहभागिता वृद्धि हुनुपर्नेमा जोड दिइएको प्रमुख ज्ञवालीले जानकारी दिए । प्रतिनिधिले सङ्घीयतामा जाँदा साझा पहिचानसहितका थारै प्रदेश हुनुपर्ने र चर्चित नदीका नामबाट पनि नामकरण गर्न सकिने सुझाव दिएका थिए । समूहगत छलफलमा कतिपयले पदाधिकारीका कोपाध्यक्ष पद सिर्जना गर्न पनि सुझाएका छन् । चार समूहमध्ये तीन समूहले विद्युतीय प्रणालीबाट मतदान गर्न सुझाव दिएको पनि ज्ञवालीले बताए ।

"जबज'लाई 'नेबज' : यसैगरी नेकपा (एमाले) को जारी नयाँ राष्ट्रिय महाधिवेशनमा नेतृत्वको हस्तान्तरणबारे स्पष्ट विधि, परम्परा र पद्धति बसाल्न प्रतिनिधिले जोड दिएका छन् । पार्टीको नेतृत्वलाई हालको पहिलो पुस्ताबाट दोस्रो पुस्तामा पुस्तान्तरण गर्ने ढोका खोल्ने गरी नेतृत्व हस्तान्तरण गर्न उनीहरुले सुझाव दिएका हुन् । प्रचार तथा प्रकाशन विभागका प्रमुख प्रदीपकुमार ज्ञवालीका अनुसार पार्टीभित्र पटक पटक परीक्षण भइसकेका नेताहरुले पुनः नेतृत्व नगरी उनीहरु अभिभावक बनेर पार्टीलाई संरक्षकत्व प्रदान गर्न आग्रह गरेका हुन् ।

विभिन्न १९ समूहमा अध्यक्ष झलनाथ खनालको राजनीतिक प्रतिवेदन, महासचिव ईश्वर पोखरेलको सङ्गठनात्मक प्रतिवेदन, अनुशासन आयोगको प्रतिवेदन, लेखा परीक्षण आयोगको प्रतिवेदन र निर्वाचन आयोगको प्रतिवेदनमा छलफल जारी छ । टोली नेताले दस्तावेजमा विचारोत्तेजक, सही र गम्भीर विचार-विश्लेषण र संश्लेषण गरिएको भए तापनि कैयौं असन्तुलन, केही अस्पष्टता र विरोधाभाष तथा असङ्गतिसमेत रहेकाले तिनलाई समूह बनाउन सुझाव दिएका छन् । पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवाद भएकाले उत्तरआधुनिकता वाद मार्क्सवाद विपरीतको विखण्डनकारी दर्शन र वाद हो भन्ने मान्यता स्थापित गर्न उनीहरुले आग्रह गरेका छन् । समूहगत प्रस्तुतिका क्रममा जबजलाई नेताको बहुदलीय जनवाद (नेबज) बनाइको भन्दै नेताहरुले अनुहार हेरेर मन्त्री-सभासद् बनाउने तथा विधानमा व्यवस्था भएको केन्द्रीय कमिटीमा

बाँकी अन्तिम पृष्ठमा.....

कास्कीबाट केन्द्रीय सदस्यको आकांक्षी अत्यधिक

नेकपा एमालेको नवौं महाधिवेशवाट केन्द्रीय समितिमा पुग्नका लागि ईच्छा जाहेर गर्नेहरुको संख्या कास्कीबाट पनि धेरै हुने सम्भावना छ । माधव नपाल र केपी ओली दुवै समूहबाट उम्मेदवार बन्न चाहनेहरुको संख्या २५ भन्दा बढी पुग्ने बताइन्छ । कास्कीबाट छनिएका ४० महाधिवेशन प्रतिनिधिमध्ये ६० प्रतिशत बढीले उम्मेदवारीको अपेक्षा गरेको एमाले कास्की अध्यक्ष कृष्ण थापाले गोल्डेन न्युज दैनिकलाई जानकारी दिए । ओली समूहबाट सक्रिय बनेका अध्यक्ष थापाका अनुसार कास्कीका एमाले नेताहरुमध्ये खगराज अधिकारी, सोमनाथ अधिकारी प्यासी, रविन्द्र अधिकारी र सृजना शर्माको उम्मेदवारी करिब-करिब निश्चित छ । खगराज र रविन्द्रलाई खुल्ला तर्फबाट केन्द्रीय सदस्यमा र प्यासीलाई निर्वाचन आयोगको अध्यक्ष बनाएर केन्द्रीय समितिमा पठाउने सोचमा ओली समूह लागेको छ । यसका साथै महिला तर्फबाट सृजना शर्मा, जनजातिबाट मित्रकुमारी गुरुङ, वैकल्पिक सदस्यको रुपमा पुष्पप्रसाद पौडेल र मानवबहादुर केसी तथा दलित उत्पीडितबाट जगत बिक, धनबहादुर नेपाली र होम नेपाली लगायतले उम्मेदवारी का लागि इच्छा जाहेर गरेका छन् । ओली समूहबाट उल्लेखित नामहरुमध्येबाट उम्मेदवार चयन गरिने भएपनि मंगलवारमात्रै यसको टुङ्गो लाग्ने सम्भावना छ । यता माधवकुमार नेपाल समूहबाट पनि केन्द्रीय समितिका लागि आकांक्षी बन्नेहरुको संख्या कम छैन । नेताहरु तुलबहादुर गुरुङ र श्रीनाथ बरालले खुल्लातर्फबाट तथा सीता गिरी बलीले महिलातर्फ, चूडामणि जंगली मजदुरबाट, कृष्णबहादुर नेपालीले उत्पीडित दलित मध्येबाट उम्मेदवारी दिने चाहना सार्वजनिक गरेका छन् । कास्कीका नेताहरु बाहेक गण्डकी अञ्चलभित्रबाट पनि आकांक्षी बन्नेहरुको लर्को लामै छ । नेपाल समूहबाट केन्द्रीय समितिमा उम्मेदवारी दिने तयारी गरेका गोखाका डा. दिनेश देवकोटा, तनहुँका प्रतापलाल श्रेष्ठ र चित्र थापामगर, स्याङ्जाका शोभियत ढकाल, लमजुङका जमिन्द्रमान घले रहेका छन् । यसैगरी स्याङ्जाका प्रेमनारायण पौडेल, ढाकागम अर्याल र विद्या ढकाल लगायतले पनि केन्द्रीय समितिका विभिन्न आयोगका लागि चुनावी प्रतिस्पर्धामा जाने तयारी गरेका छन् । ओली समूहमा सक्रिय लमजुङमा मायानाथ अधिकारी, स्याङ्जाका चक्रबहादुर पराजुली र तनहुँका टुकराज सिग्देल पनि खुल्ला तर्फबाट नै केन्द्रीय समितिमा पुग्ने सोचाइमा रहेका छन् । यसरी एमालेको महाधिवेशनका बेला कास्कीमा पनि सम्मुहगत विभाजन स्पष्ट देखिएको छ ।

एमाओवादी छलफल निष्कर्षविहीन

काठमाडौं २३ असार ।(रासस)

एकीकृत नेकपा(माओवादी) भित्र देखिएको समस्या समाधानका विषयमा नेतान्तरबीच सहमति हुन नसक्दा सोमबारको बैठक निष्कर्ष विहीन हुन पुगेको छ । नेता डा बाबुराम भट्टराईको निवास सानेपामा सोमबार बसेको शीर्ष नेताको अनौपचारिक बैठकले समानान्तर समिति गठन र त्यसले पारेको प्रभावलगायत सन्दर्भमा सहमति जुटाउने अपेक्षा राखिए पनि कुनै सहमति हुन सकेन । नेता डा भट्टराई पक्षले आफूहरूलाई संस्थापनले पेलेको भन्दै सिन्धुली, मकवानपुर, बैतडीलगायत जिल्लामा समानान्तर समिति गठन गरेको थियो । "समस्या समाधान गर्ने विषयमा आज महत्वपूर्ण तर अनौपचारिक छलफल भयो, तर त्यसको विधि के अवलम्बन गर्ने भन्नेबारेमा भने औपचारिक बैठकले नै टुङ्गो लगाउँछ" कोषाध्यक्ष हरिबोल गजुरेलले भने ।

बैठकमा नेता डा भट्टराईले नयाँ नीति, नयाँ पाटी, नयाँ संरचना र नयाँ विचार निर्माण गरेर जानुपर्नेमा जोड दिएका थिए । पुरानै तबरले पार्टी चल्न नसक्ने र आगामी दिनमा स्थिति अझ खस्कने बताउँदै तत्काल कमजोरी भएका विषय सुधार गरेर जानुपर्नेमा जोड दिइएको भट्टराई पक्षीय नेता देवेन्द्र पौडेलले जानकारी दिए ।

खुला र स्पष्ट छलफल भएको बताउँदै उहाँले विवाद समाधानको मार्ग पहिल्याउ र पार्टीमा नयाँ ढङ्गको विचार विकास गर्न दुवै पक्ष सहमत भएको जानकारी दिए । कुन आधारमा सहमति हुने हो भन्नेबारेमा भने कुनै ठोस आधार तयार नभएको बताइएको छ । बैठकमा सहभागी नेताले विवाद समाधान गर्ने सहमति भएको जनाए पनि त्यसको मार्गचित्र कस्तो हुने र हाल गठन भएका समानान्तर समितिलाई के गर्ने भन्ने विषयमा मूर्त खाका भने तयार नभएको बुझिएको छ । बैठकमा उपाध्यक्षद्वय नारायणकाजी श्रेष्ठ र पोष्ट बहादुर बोगटीको सहभागिता थिएन ।

पोखरामा पनि पाकेटमार !

पोखरा २३ असार ।(गोल्डेन)

सिन्धुपाल्चोक जिल्ला घर भई माइकोवसका यात्रुको गोजी काट्ने २५ वर्षीय फुर्पा शेर्पालाई जिल्ला प्रहरी कार्यालय कास्कीले पक्राउ गरेको छ ।

ऊसहित तीनजनाले मुस्ताङ चोकबाट माइक्रोबस चढी पृथ्वीचोक आउने क्रममा स्याङ्जाको बयरघारी निवासी बलबहादुर खत्रीको नगद रु ३५ हजार लुटेको थियो । नगद लुटेर भाग्दै गरेका उनलाई पब्लेर रकम फिर्ता गराइएको छ । प्रहरीले अरू दुईजनाको बने खोजी गरिरहेको छ । बयरघारीबाट बिरामी आफन्तको शल्यक्रिया गराउन उनी पैसा लिएर पोखरा आएका थिए ।

दुर्घटनाबाट जोगिन ट्राफिक नियमको पूर्ण पालना गरौं
नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

बाँध बनाउन नसक्दा सयौं रोपनी खेत बाँझै

पर्वत २३ असार ।(रासस)

वातावरणीय प्रभाव मूल्याङ्कन नगरी अव्यवस्थित ढङ्गले ढुङ्गा, गिट्टी, बालुवा झिक्दा टकलाक टार सिंचाइ योजनाको नहरमा पानी जान छाडेको छ । मुहान गहिरिएर बर्सेनि खोलामा बाँध बनाउन नसक्दा सयौं रोपनी खेत बाँझै हुने भएको हो ।

जिल्ला विकास समितिले ढुङ्गा, गिट्टी, बालुवामा कर लगाएर लाखौं रुपैयाँ आर्जन गर्ने तर, नहरको मुहान संरक्षणमा कुनै चासो नदिँदा नहर सङ्कटमा परेको हो । जथाभावी ढङ्गले खोलामा स्काभेटर लगाएर ढुङ्गा तथा बालुवा झिक्दा बर्सेनि नहरको मुहान गहिरिँदै गएको र नहरमा पानी नपुग्ने भएपछि ५०० रोपनी खेत बाँझिने समस्या रहेको स्थानीयबासीको भनाइ छ । मुहान विग्रिएसँगै लाखौं रुपैयाँ खर्च गरी बनाइएको संरचना अलपत्र पर्ने अवस्थामा पुगेका छन् भने समयमा खेत रोपाइ गर्नसमेत समस्या हुने गरेको स्थानीय पुष्पप्रसाद काफ्लेले बताए । खोलाको ढुङ्गा, गिट्टी, बालुवा निश्चित परिमाणमा, वातावरणीय प्रभाव नपर्ने तथा स्काभेटरलगायतका मेसिन प्रयोग गरेर झिक्न नपाइने भए पनि ठेकेदारले जथाभावी रूपमा झिक्ने गरेको काफ्लेले बताए ।

नहरको मुहान विग्रिएको भन्दै पटक-पटक रोक्न आग्रह गरेको भए पनि स्थानीय प्रशासनले चासो नदिएको तथा ठेकेदारले मुहान नै भत्काएर सामान झिक्दा समस्या हुने गरेको स्थानीयबासीको भनाइ छ । हामीले पटक-पटक आग्रह गर्‍यौं तर सुनुवाइ भएन स्थानीय रुक्मागत न्यौपानेले भने, "जिल्ला तहबाट नै ठेकेदारलाई कडाइ नगरे आगामी वर्षदेखि कुलोमा पानी चढ्दैन ।" सामान्यतया बाढ्रेमास कुलोमा पानी जाने गरेको भए पनि अहिले केही वर्षदेखि वर्षाको भेलबाहेक कुलोमा पानी नचढ्ने गरेको न्यौपानेले बताए । पाँच किलोमिटर टाढा त्रिवेणीको अर्धुनबाट मुहान बनाई खेतमा लैजानुपर्ने बाध्यता भए पनि मुहान नै भत्किँदा समस्या भएको र कुनै निकायले पनि यसमा चासो नदिँदा सयौं कृषक समस्यामा परेको स्थानीय श्यामलाल बस्नालले बताए । नहरको निर्माणसँगै त्रिवेणी गाविसका केही भाग र टकलाक गाविसका सबै खेत सिंचाइ हुने गरेको थियो । हिउँदको समयमा पनि खेतमा सिंचाइ सुविधा हुने भएकाले विभिन्न हिउँदे खेतीसमेत हुने गरेकोमा मुहान गहिरिएसँगै हिउँदको समयमा सिंचाइ समस्या हुने गरेको छ भने वर्षाको समयमा पनि मुस्किलले सिंचाइ गर्नुपर्ने बाध्यता रहेको छ । जिल्लाका विभिन्न खोलाबाट जिल्ला विकास समितिले कर लगाएर लाखौं रुपैयाँ आर्जन गर्ने गरेको भए पनि ती खोलामा वातावरणीय परीक्षण नगरी झिक्ने गरिएका कारण जलचल सडकदमा परेका छन् भने खोला गहिरिने समस्यासमेत बढेको छ ।

ब्राजिल र जर्मनी भिड्दै

काठमाडौं २३ असार ।(रासस)

विश्वकप फुटबल प्रतियोगिता २०१४ को पहिलो सेमिफाइनल खेलमा ब्राजिल र जर्मनी आमनेसामने हुने भएका छन् । पाँचपटकको विश्वकप विजेता ब्राजिल छैठौं पटक उपाधि जितेर नयाँ इतिहास कायम गर्ने धुनमा छ भने तीनपटकको विश्वकप च्याम्पियन जर्मनी ब्राजिललाई पाखा लगाउँदै चौथोपटक उपाधि रक्षा गर्ने दाउमा छ । यसअघि १९औं संस्करणको विश्वकपमा जर्मनी उपविजेता बनेको थियो ।

समूहचरणको खेलमा ब्राजिलले मेक्सिकोलाई पराजित गर्दै समूह 'ए' को विजेता बनेको थियो भने अन्तिम १६ मा चिलीलाई टाइब्रेकरमा ३/२ गोलअन्तरले पन्छाउँदै अन्तिम ८ मा आफ्नो स्थान सुरक्षित गरेको थियो । यस्तै क्वार्टरफाइनल खेलमा ब्राजिलले कोलम्बियालाई पाखा लगाउँदै सेमिफाइनलको यात्रा तय गर्‍यो । सेमिफाइनल भिड्नन्तमा ब्राजिलले आफ्ना दुई स्टार खेलाडीलाई

बाँकी ३ पृष्ठमा.....

Study in Tokyo Japan
Jan. Session-2015
(Funabashi.chiba-Deadline 2014/07/11)
Age : +2 Pass, 18-25 सम्म
Bachelor Pass - 30 सम्म
Contact
Nepal Japan Education Foundation
Amarsinghchowk, Pokhara-10
Tel: 061-432601, 9815164101

Study in JAPAN
ADMISSION OPEN Jan./April Session 2015
TOKYO, NAGAYO तथा SENDAI लगायतका शहरहरुको College तथा University मा Apply गर्न सकिनेछ
83 वर्ष उमेर समुहले Apply गर्न सकिने
BACHELOR/ MASTER PASS विद्यार्थीलाई 100% VISA Guaranty
आफ्ना कस्ता रहित किसी Working VISA Apply गर्न सकिनेछ
हाम्रा आकर्षणहरु
⊃ NAT/JLPT/TOP-J आवश्यक नपर्ने
⊃ Part time Job हप्तादिनमिलाई व्यवस्था गरिने
⊃ Depending लैजाने सहयोग गरिने
⊃ Documentation FREE*
इच्छा, शक्ति र लगनशी तपाईको, गन्तव्यमा पुऱ्याउने जिम्मा हाम्रो
TOPS Language & Training Institute
महँगोमूल्य तुलाक्क छाडि मेडिकल लाइसेन्स कोर्स मेडिकलको दोस्रो तलामा
फोन: ०६१-६२१२८८, ५७५८३५

Accounting & Banking Training
MATCOSC नै किन ?
यस क्षेत्रमा नै सबैभन्दा पहिलो विगत १२ वर्षदेखि Bank officer, Management Expert तथा Auditor हरुबाट Accouting Banking सम्बन्धी १००% Practical Training दिइ Bank, Company, School, Business Firm, NGO आदिमा ग्यारेन्टीका साथ Job गर्नेका लागि ।
Manual Accounting:
❖Business Accounting (Hotel, Bank, NGO, School, Company)
❖VAT, Income Tax, Banking
Computrized Accounting:
❖Tally ERP.9, TATA E-X Next, Swastik & FINPRO
Free Admission, Certificate & Training Meterial
Mega Offer for +2, BBA/BBS Student
Contact :
MATCOSC
(Management Training & Consultant Service Centre)
Mahendrapool, pokhara (Tika Bhawan)
Ph. no: 061-540297, 9846384533

रेष्टुरेन्ट विक्रीमा

पोखरा-४, गैह्रापाटनमा अत्यन्त चालु अवस्थामा रहेको क्याफे एण्ड रेष्टुरेन्ट विशेषकारण वश तु-विक्रीमा छ । पहिला आउनेलाई विशेष ग्राहयता

सम्पर्क : ९८४६००४०२८

कर्मचारी आवश्यकता

सुनौलो पल्लिकेशन प्रा.लि.को प्रकाशन गोल्डेन न्युज राष्ट्रिय दैनिक र सुनौलो एफ.एम. १०२.२ मेगाहर्जका लागि निम्न कर्मचारी आवश्यक परेको हुँदा इच्छुक र योग्य उम्मेदवारले आफ्नो हस्तलिखित निवेदन र बायोडाटा सहित तुरुन्त सम्पर्क गर्नुहुन सुचित गरिन्छ ।

१. पद : समाचारदाता/समाचार वाचक (महिला/पुरुष)
संख्या : केही

२. पद : कार्यालय सहायक (महिला)
संख्या : १ जना (कम्प्युटर सम्बन्धी ज्ञान भएको)

३. पद : कम्प्युटर अपरेटर (दिउसोका लागि)
संख्या : १ जना (पत्रिका डिजाइन गर्न सक्ने)

४. पद : ग्राहक शाखा प्रमुख
संख्या : १ जना (पोखराको विभिन्न क्षेत्रको जानकारी भएको)

५. पद : बजार प्रतिनिधि
संख्या : केही

सम्पर्कका लागि
गोल्डेन न्युज राष्ट्रिय दैनिक/सुनौलो एफ.एम.
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-४३६४५५
(जागिरका लागि टेलिफोनमा सम्पर्क नगरिँदिनुहोला ।)

■ तिम्रो शरीर पवित्र आत्माको मन्दिर हो ।

- बाइबल

सम्पादकीय . .

बजेट समहमतिमा ल्याउ

केही दिनअघि व्यवस्थापिका संसदबाट सरकारको नयाँ नीति तथा कार्यक्रम बहुमतले पारित गरिएको छ । प्रमुख प्रतिपक्ष एमाओवादी र राप्रपा नेपालका सभासदको विरोधका बावजूद उक्त नीति तथा कार्यक्रम बहुमतले पारित गरिएको हो । सत्ता पक्षको बलले मात्र बजेट ल्याँदा गएको वर्ष छुट्याइएको रकम धेरैजसो आयोजना र संस्थानहरुले खर्च नगर्दा बजेट फ्रिज भएको थियो भने भ्रष्टाचार हुनेक्रम पनि त्यत्तिकै थियो । यस्तोमा हतार-हतारमा अहिले आएर आफ्नुखी रकमान्तर गरी बजेट खर्च गर्ने कार्य भइरहेकोमा सो कार्यको जनस्तरबाटै विरोध भइरहेको छ । दलका नेताहरुको क्षुद्रस्वार्थका कारण बजेट रकमान्तरण गर्ने कार्य अर्थमन्त्रालयका निम्ति चुनौतीपूर्ण भए पनि अर्थमन्त्रीले त्यस्तो रकमान्तरणका लागि सहमति दिनु घातक नै रहेको जानकारहरुको भनाईलाई गम्भीरतापूर्वक लिनु पर्ने आवश्यकता औल्याइदै छ । बजेट रकमान्तरणको पुरानो रोग र प्रवृत्तिलाई निरुत्साहित गर्नु आजको आवश्यकता छ । जहाँसम्म वर्षे अधिवेशनको सवालका पहिलो दिनमै संसद अवरुद्ध पारेर प्रमुख प्रतिपक्षी एमाओवादीले कीर्तिमानी रेकर्ड कायम गरेको छ । यद्यपि उनलाई संसद अवरुद्ध पार्न राप्रपा नेपालले पनि साथ्नाएको हो । एमाओवादीले प्रमुख दलहरुबीच भएको चार बुंदे सहमति कार्यान्वयन नभएको एवं सरकारले आफ्नुखुशी बजेट रकमान्तर गरेकोले संसद अवरुद्ध गरेको जनाउ दिएको छ । एमाओवादीले सहमति कार्यान्वयन नभएसम्म सदनको कारवाही अघि बढ्न नसक्ने बताएर कांग्रेस पार्टीका नेतालाई सहमति कार्यान्वयन गर्न दबाव दिएको थियो । एमाओवादीले सत्यनिरुपण तथा मेलमिलाप आयोग गठन, मंसीर ४ गते सम्पन्न संविधानसभा निर्वाचनमा भएको धाँधली छानविनका लागि संसदीय समिति गठन, संविधानसभामा बाँकी २६ सभासद मनोनयन गर्न सरकार गम्भीर नभएको, उच्चस्तरिय राजनीतिक समिति गठन गर्नु पर्ने जस्ता अडान एमाओवादीले राख्दै संसद अवरुद्ध गरेका थिए । संसद अवरुद्ध र खलाउने प्रक्रिया संसदको नियमावली अनुसार भइरहने नियमित प्रक्रिया हो । सरकारको काम गराईप्रति ढिलाई भइरहेको भनेर विपक्षी दलले उठाउने आवाज जायज ठहऱ्याउनेहरुले मधेशी दलहरुलाई समेत उचालेर प्रचण्डको पछि लगाएका छन् । विपक्षीकोतर्फबाट सदनमा पुष्पकमल दाहाल प्रचण्डले व्यक्त गरेका विचारमा प्रहरीको एआईजीमा बढुवाका लागि सिफारिश गर्दा वरिष्ठता क्रम मिचेको आरोप पनि छ भने यसमा करोडौंको चलखेल भएको प्रहरी अधिकृतहरुकै भनाई सार्वजनिक भएको बेला सरकारले मनपरी गर्न नहुने तर्क राखेको थियो । यसमा भएको भ्रष्टाचार र अनियमितका बारेमा पनि सदनमा यथार्थ कुरा राख्न प्रचण्डको चुनौती गम्भीर छ । गृहमन्त्रीको मनोमानीपूर्ण व्यवहार, गृहमन्त्रालयमा एमालेकरण र कांग्रेसले आफ्नुखुशी सरकार चलाउँदा जनताको चाहना तुहिने शंका पनि उत्तिकै व्यक्त गर्न थालिएको छ । संसदको वर्षे अधिवेशन अर्थात् बजेट अधिवेशनमा जनमुखी बजेट आउनु पर्ने सोचाई सबैमा छ । जनता महंगी, अभाव र कालोबजारबाट हैरान भई सामान सस्तोमा नपाएता पनि कम्तीमा दैनिक उपभोग्य वस्तु सुपथ मूल्यमा पाउनु पर्ने जनअडानलाई हामी पनि सकारात्मक ठहऱ्याउँछौं । सत्ता र प्रतिपक्ष आ-आफ्ना माग पूरा गराउन र स्वार्थ पूरा गर्ने प्रस्तुत गर्ने नाटकसँग जनताको कुनै वास्ता छैन । जनता महंगी, अभाव र अस्थिरताबाट मुक्ति चाहन्छ । जनता सुशासन र समयमा हिड्ने सरकार, जामरहित सडक, बन्द रहित नेपाल र दैनिक जीवनयापन गर्ने सर्वसाधारणको नागरिक अधिकार हनन गर्नेलाई दण्डित गर्ने प्रशासन चाहेका छन् । समय भित्र संविधान र संविधानसभा संचालनको नाउँमा सभासदहरुले गर्ने अनावश्यक खर्च कटौती गरी सरकारी दुकुटीबाट रोजगारीको अवसर प्राप्त हुनुपर्ने आमचाहनालाई समर्थन नगरी रहन सक्दैनौं । जनताको त्याग र बलिदानबाट आएको परिवर्तनमा नेता र कार्यकर्ताले मात्र फाइदा लिने कि सर्वसाधारण जनताले परिवर्तनको अनुभूति पाउने गरी काम हुने त्यसतर्फ कोइराला सरकार सजग रहन आवश्यक छ ।

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल आषाढ २४ गते मंगलवार, तदनुसार जुलाई ८ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामकह संवत्सरह, सूर्य पश्चिको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । ग्रीष्म ऋतु चल्दै छ । चान्द्रमान अनुसार आषाढशुक्लपक्ष चलिरहेको छ । शौरमान अनुसार आज आषाढशुक्लपक्षको एकादशी तिथि ४७ घटि २८ पला अर्थात रातिमा १२ बजेर १५ मिनेटसम्म त्यसउप्रान्त द्वादशी तिथि लाग्नेछ । आज सूर्य मिथुन राशिमा रहेको छ भने चन्द्रमा तुला राशिमा २९ घटि २३ पला अर्थात साँझमा ५ बजेर १ मिनेटसम्म त्यसउप्रान्त वृश्चिक राशिमा प्रवेश गर्नेछ । आज दिनमान १४ घटि २४ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर १५ मिनेटमा जयदेव मूहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ७ बजेर १ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसंग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइनेछ ।

वृष : एक्कासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ ।

मिथुन : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरु सक्रिय हुदै जान सक्नेछन्, स्वास्थ्य हानी समय तथा दिन खराब छ ।

कर्कट : आम्दानीमा गिरावट आउनेछ, समय विवादित रहनेछन, चुनौतिमाथि चुनौति थपिनेछ चनाखो हुनुहोला ।

सिंह : पुरानो कार्यबाट आम्दानीमा एक्कासि वृद्धि, सहयोगी हातहरु बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ ।

कन्या : आफ्नै पेशाबाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाइमा मन नजाने, समय खराब छ सतर्क रहनुहोला ।

तुला : नयाँ मित्रसँग भेट, आर्थिक क्षेत्रबाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपूर्ण रहनेछ ।

वृश्चिक : पारिवारिक विरोध खेप्नुपर्ने, आफ्नै पेशाबाट घाटा हुन सक्ने, सामाजिक कचिलोले गर्दा दिनभर चिन्ता पर्नेछ ।

धनु : स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जोसँग पनि विवाद पर्न सक्नेछ, चनाखो हुनुहोला ।

मकर : स्वास्थ्यमा क्रमिक सुधार आउनेछ, सापटी दिएको धन प्राप्त हुनेछ, दिन शुभ छ उपयोग गर्नुहोला ।

कुम्भ : मिश्रहरुबाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिबढ्ने, एकमुष्ठ रकम संकलन हुने, स्वादिष्ट व्यञ्जन प्राप्त हुने ।

मीन : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाई घाटा हुनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

नेता र जनताबीचको विभेद र स्वास्थ्यमन्त्रीको विवेक !

चन्द्रप्रकाश बानियाँ

पोखरा विश्वमै परिचय स्थापित गरिसकेको पर्यटकीय शहर हो । प्राकृतिक सुन्दरता मात्र होइन, प्रदुषणमुक्त पर्यावरणका दृष्टिले पनि तुलनात्मक रूपमा राजधानीभन्दा उम्दा नै छ । परीक्षणको औपचारिकतामा 'कोलीफिममुक्त' नठहरे पनि नाङ्गा आँखाले हेर्दा स्वच्छ र सफा जस्तो देखिने खानेपानी विशेष खण्डखातिर नपर्दासम्म हप्ताको एकदुई दिन शहरबासीका घरघरमा जडिएका धारामा आउन छोडेको छैन । अपेक्षाकृत निकै महङ्गो भए पनि फलफुल र सागपातहरू मण्डीमा देखापर्छन् नै । उपभोगमा कठिनाई रहे पनि हेर्न देख्नको कुनै दुःख छैन । बुवैसाकालमा जन्मेको छोरो न्वारन नगर्दै बितेपछि मेरा पल्लाघरका कान्छाबाले 'देखे पनि भोरन नपाएस्' भन्ने आप आफूलाई परेको रहेछ भनेर साखुमा गरेजस्तै अवस्था अधिकांश पोखरेलीहरूको रहेछ भन्नु अतिशयोक्ति नठहर्दो रहेछ । राजधानी शहरमा जस्तै घरघरमा वित्तीय संस्था र टोल गल्लीहरूमा प्राइभेट स्कूल कलेजहरूका साइनबोर्डहरू देखा पर्छन् । टोलटोलमै औषधी पसलहरू मात्र होइन निजी अस्पताल, नर्सिङ होम वा पोलीक्लिनिकहरू अवश्य फेलापर्छन । गल्ली टोलमा हिड्ने मानिसहरूको मेचभुपामा गौर नगर्ने हो भने पोखरामा सम्पन्न र समृद्ध शहरको झलक दिन्छ भन्नु बढ्ता हुदैन रहेछ ।

पोखराका सबै टोलगल्लीहरूमा स्वास्थ्यसेवाको सुविधा उपलब्ध भएपनि काठमाडौंका सबैजसो नाम चलेका र महङ्गा नर्सिङ होमहरूमा पोखरेली विरामीहरूको उपस्थिति बाक्लै देखिन्छ । 'घरनजिकको तीर्थ हेला' भएको हो अथवा पोखरेली स्वास्थ्यकर्मीहरूले विरामीको विश्वास जिल नसकेको हो कुन्नी ? हुनत 'रोटी दोहोरो पाक्छ' भनिन्छ । मोटो खल्ती भएका सम्पन्न पोखरेली नागरिकहरूले गृहनगरमै औषधोपचार गर्ने कुरालाई लाज मान्नु पर्ने विषयठानेको पनि त हुन सक्छ । साँचो भुठ्ठो के हो कुन्नी, हाम्रो गाउँघरतिर 'पोखरेली हुनेखानेहरू एकबट्टा चुरोट किन्न हवाईजहाज चढेर काठमाडौं पुग्छन्' भनिन्छ । हुन पनि स्वास्थ्य संस्थाहरूको उल्लेख्य संख्या र शहरको मध्यभागमा सुविधा सम्पन्न सरकारी अस्पताल रहनु पोखरेलीहरूको सौभाग्य हो भन्दा बढ्ता नहोला । तर विडम्बना नै भन्नुपर्छ कि साधनसम्पन्न गण्डकी क्षेत्रीय अस्पतालको मात्रै कुरा गर्ने हो भने पनि शहरको हरेक कुनाबाट २०/२५ रुपियाँ खर्चेर १५/२० मिनेटमै अस्पताल आउजाउ गर्न सकिँदो रहेछ, तर गण्डकी अस्पतालको सुविधाको उपभोग गर्नेहरूमा पोखरेलीभन्दा बढी बाहिरकै हुँदा रहेछन् । स्याइजा, तनहुँ, लमजुङ, पर्वत, बाग्लुङ र म्यादीका जिल्ला अस्पतालहरूको रिफरमा पोखरा आउनेहरूले नै अस्पतालका बेडहरू भरिँदा रहेछन् । त्यसको मतलब गण्डकी अस्पताल पोखरा बाहिरका लागि मात्र भएको छ भन्ने पनि होइन । मुलुकका सरकारी विद्यालयहरू सबै गरिब, निर्धा निम्खाहरूका छोराछोरीहरूले मात्र पढाईको औपचारिकता पुरानै थलो बनेजस्तै गण्डकी अस्पताल पनि पोखराका गरिब गुरुवाहरूको औषधिउपचारको थलो बनेको रहेछ । त्यही भएर होला गण्डकी अस्पतालको अवस्था र नागरिकहरूको स्वास्थ्यप्रतिको उपेक्षा आँखामा विश्वासनेगरी अनुभूत हुँदो रहेछ । यसपटक डेढदई महिनाको छोटो अवधिमा ५/७ चोटि गण्डकी अस्पतालको प्रदक्षिणा गर्ने अवसर जुऱ्यो र अस्पतालको भौतिक अवस्था प्रत्यक्ष देखे बुझेपछि आफ्नेन्द्र शाहको शासनकालमा कास्कीमै नजरबन्दीमा परेका कांग्रेसी नेता रामचन्द्र पौडेलले स्थानीय सञ्चारकर्मीहरू समक्ष उपचारको लागि राजधानी जाने अनुमति मिलेन भनेर अस्पतालको बेडबाटै पोखेको गुनासोको सम्झना गरायो । त्यतिबेला लागेको थियो 'क्षेत्रीय अस्पताल गण्डकीमा सबै खालको सेवासुविधा उपलब्ध होला । त्यसमाथि पश्चिमाञ्चल क्षेत्रकै गनिएका नेताको उपचारमा अस्पतालले कुनै कमी रहन दिएको थिएन होला । निजी स्वास्थ्यको भन्दा बढी पोखरामा खुम्चिएर रहनुपर्दा आन्दोलनको राष्ट्रिय अभियानबाट ओझेलमा परिने हो कि भन्ने पौडेलजीको चिन्ता होला । राजधानीमा रहन पाए आन्दोलनकारी र भिडियाको नजरबाट टाढा रहनुपर्ने थिएन भन्ने चिन्ता होला' भन्ने लागेको थियो । पौडेलजीको स्वास्थ्यको चिन्तालाई राजनीतिक रंगको चस्मोले हेरिएको रहेछ त्यो बेला । वास्तवमा पोखराको ठूलो अस्पताल त अस्पताल जस्तो नै रहेनछ । अस्पताल भित्र छिर्नासाथ गाइगोठ्को गन्ध नाकले महसुस गर्दो रहेछ । विरामी राखिने वार्डहरूभित्र छिर्दा कुने 'चमेरे गुफा'मा छिरेजस्तो लाग्दो रहेछ । अनि पौडेलजीले किन गुनासो नगरुन् त विचरा !

संयोगवस् यतिबेला स्वास्थ्यमन्त्रीको जिम्मेवारीमा पोखराकै वासिन्दा विराजमान छन् र मुलुकको स्वाथ्यस्थितिप्रति निकै संवेदनशील देखिएका पनि छन् । उनको मन्त्रालयले ७० प्रकारका औषधी स्वास्थ्यकेन्द्रहरूबाट निःशुल्क वितरण गर्ने योजना सार्वजनिक गरिसकेको छ । 'जुम्ला' मानिएको सुशिल कोइराला नेतृत्वको मन्त्रिपरिषदका स्वास्थ्य मन्त्रीले कार्यभार सम्हालेको २/३ महिनाको छोटो अवधिमा १५ हजारभन्दा बढी स्वास्थ्यकर्मीहरूको नयाँ नियुक्ति गर्न भ्याएका छन् त्यस स्वास्थ्यकर्मीहरूकै अभावमा दुरदुर्गमका गरिब जनताले आवश्यक स्वास्थ्यसेवा नपाउने अवस्थाको अन्त हुने परिस्थिति निर्माणगर्न अगाडि सर्न स्वास्थ्यमन्त्रीको चेष्टाको सराहना गर्नु पर्छ । तर 'बत्तिमुनि अध्यारो' भनै झै स्वास्थ्यमन्त्रीजीका आँखा आफ्नो गृहनगरको सबभन्दा ठूलो अस्पतालमा पर्न भने भ्याएका रहेनछन् जस्तो छ । हुनत आफू वा आफ्नो परिवारको कुनै सदस्य विरामी पर्दा सरकारी अस्पतालको सेवा लिनुपर्ने लाजमर्दो हैसियत मन्त्रीजीको अवश्य छैन होला ! 'नमरी स्वर्ग देखिदैन' भनेजस्तो आफूले उपयोग गर्नु नपरेपछि गण्डकी अस्पतालले आम मानिसलाई कस्तो सेवा दिएको छ भनेर जान्न बुझ्न सक्ने अन्तर्यामी दृष्टि मन्त्रीज्यूसँग हुने प्रश्नै रहेन ! 'पेटभरि खान पाइएन, सरकार !' भनेर विन्ति बिसाउने मान्छेलाई कुनचाहीं राजाले हो कुन्नी- 'दुधभातले काम चलाउन्' भनेर आदेश गरेथ्यो रे ! फेरि मन्त्री देशकै साझा हुन् क्या रे । सिंगो मुलुकको स्वास्थ्यक्षेत्र हेर्नुपर्ने गहन जिम्मेवारी उनको काँधमा होला । आफ्नो नाकै मुन्तिरको भनेर के गर्नु ? हेर्ने चिहाउने फुर्सद पनि त हुनु पऱ्यो नी ! २०७१ सालको असार ११ गते, गण्डकी अस्पतालको हाडजोर्नी विभाग, बेड नं. ८ मा एकजना ६/७ वर्षकी कलिली बालिका देब्रे हात भाँचेर ओछ्यान परेकी छिन् । उनको देब्रेभालका लागि ७/८ वर्षे उनकै दाजु छ । आमाले अर्को घरबार गरेकी, बाबु नसाको आदि । बच्चीको अपरेसनको मिति भोलिपल्टको बिहीबार तोकिएको रहेछ । अपरेसनपूर्वको 'रुटिन परीक्षण'का लागि टिकट बनाउन क्यास काउन्टरमा पुगेको अबोध केटो परीक्षणशुल्क बुझाउन नसकेर रुँदै फर्केको छ । वार्डमा उपस्थित सबै विरामी र कुरुवाहरूको सहानुभूतिपूर्ण नजरहरू ती दुई बालकहरूमाथि सोझिन्छन् । कक्षमा उपस्थित नर्सिहरूले सहानुभूति देखाउँछन् । रुँदै गरेका केटाकेटीका आँसु पुछ्दिन्छन् र सान्त्वना दिने कोशिस गर्छन् । त्यतिबेलै अलि पाको उमेरकि एकजना नर्सले ती केटालाई काउन्टरमा बुझाएको अपुरो पैसा फिर्ता लिने सल्लाह दिन्छिन् । जम्मा परीक्षण शुल्क लाग्ने रहेछ ८ सय, बालकसँग रहेछ पाँचसय मात्र । ६/७ वर्षकी अबोध बच्चीको अपरेसनको कुरो थियो । सके जँडयाहा नै भए पनि बाबुले पैसाको जोहो गरेर आउँदो हो । बक्यौता तिर्दो हो । तिरेनछ भने पनि यौटा नागरिकका लागि सरकारी अस्पतालले ३०० रुपियाँ सहुलियत दिन सक्दैनथ्यो होला र ? सायद ३०० रुपियाँकै कारणले बच्चीको अपरेसन टरे होला । नभए पनि विलम्बित त अवश्य भयो होला ।

स्वास्थ्य मन्त्रीका पनि बडेनेता कामरेड खड्गप्रसाद ओलीको उपचारको सिलसिलामा बैंकक पुऱ्याउने 'एअर एम्बुलेन्स' कै भाडावापत मात्र ८८ लाख खर्च लागेको थियो रे ! र त्यसबाहेक उपचार खर्च समेत डेढ करोड भन्दा बढीको उपचार खर्च सम्पूर्ण सरकारले बेहोर्दियो रे भन्ने कुरा सार्वजनिक जानकारीमा आएको छ । यतिबेला पोखराकै स्वास्थ्य मन्त्री हुन् र सधै पुरुष्ट बनेर उनलाई मन्त्रीको हैसियत आर्जनमा आजीवन 'होस्टेमा हेर्ने' गर्दै आएको एक गरिब परिवारकी पोखरेली चेलीको उपचारका निमित्त मन्त्रीकी गृहनगरको सरकारी अस्पतालले ३०० रुपियाँको सानो सहुलियत दिने अधिकार पनि नराख्दो रहेछ कि ?! असार ११ गतेको घटना पोखराको लागि पहिलो र नौलो अवश्य होइन होला । त्यस्ता हृदयमा चस्स घोच्नेखालका घटनाहरू अस्पतालमा दिनहुँ घटित हुँदा हुन् । किनकि सरकारी स्कुलहरूजस्तै नेपालका सरकारी अस्पतालहरू पनि गरिब निमुखाहरूको उपभोगका लागि मात्र भएका छन् । गरिबको जीवनको मूल्य नै के छ र ? उसै पनि एमालेका राजनीति गरिब निमुखाहरूको कधिमा चढेर हुनेखानेे धनीमानीहरूको हितकल्याणको चिन्ता गर्ने नै हो । त्यो वास्तविकता खुट्याउन सोझा नेपालीहरूलाई थप अझ कति समय लाग्ने हो कुन्नी ! त्यसैले त ७० किसिमका औषधीहरू निःशुल्क वितरण गर्ने योजना भित्र करोडौंको कमिसनको खेल छ र १५ हजार स्वास्थ्यकर्मीको भर्नामा पनि आफन्तहरू (पार्टीक्याडरहरू) लाई जागिर खुवाउने निहीत स्वार्थ अन्तर्निहीत छ भन्ने आरोप साँचो पो होला कि भनेर पत्याउन् पर्ने भएको छ । राज्यको सम्पत्तिमा दुलाबडाले गर्दै आएको रजाई कतिञ्जेल आम नागरिकले टुलुटुलु हेरिरहनु पर्ने हो कुन्नी ?

भण्डारीको 'आमाको सम्झना'आउँदै

गोल्डेन न्युज संवाददाता
पोखरा २३ असार ।

भन्नुपर्दैन भोलि १-३ इन्च हाइट बढाउने Step-Up. Skin Test गरिन्छ ।

भ्रमणरत कवि तथा गायक नारायण भण्डारीको 'आमाको सम्झना' शीर्षकको तेस्रो एल्बम आगामी भदौ ७ गते सार्वजनिक गरिने भएको छ । एल्बममा भण्डारी र लोकगायिका प्राज्ञ हरिदेवी कोइरालालको स्वर रहेको छ । भण्डारीले अघिल्ला एल्बममा जस्तै यसमा पनि आफ्नै गीतमा धुनको सिर्जना गरेका छन् । एल्बममा भण्डारी र लोकगायिका प्राज्ञ हरिदेवी कोइरालालको स्वर रहेको छ । भण्डारीले अघिल्ला एल्बममा जस्तै यसमा पनि आफ्नै गीतमा धुनको सिर्जना गरेका छन् । एल्बममा भण्डारी र लोकगायिका प्राज्ञ हरिदेवी कोइरालालको स्वर रहेको छ । भण्डारीले अघिल्ला एल्बममा जस्तै यसमा पनि आफ्नै गीतमा धुनको सिर्जना गरेका छन् ।

भण्डारीले भन्नुभयो, 'आमाको सम्झना' को तयारी अन्तिम चरणमा पुगेको छ । एल्बममा भण्डारी र लोकगायिका प्राज्ञ हरिदेवी कोइरालालको स्वर रहेको छ । भण्डारीले अघिल्ला एल्बममा जस्तै यसमा पनि आफ्नै गीतमा धुनको सिर्जना गरेका छन् । एल्बममा भण्डारी र लोकगायिका प्राज्ञ हरिदेवी कोइरालालको स्वर रहेको छ । भण्डारीले अघिल्ला एल्बममा जस्तै यसमा पनि आफ्नै गीतमा धुनको सिर्जना गरेका छन् ।

दुवै गीतको भिडियो को छायाङ्कन कार्य सकिएको छ भने सातुनको दोसो सातासम्म बजार आइपुग्ने बताइएको छ । एल्बममा 'संसार छाडी गयौं आमा' र 'आउँ नाचौं दिदीबहिनी' बोलका दुई गीत छन् । दुवै गीतको शब्द र लय भण्डारी र प्राज्ञ कोइरालाले संयुक्त रुपमा बनाएका हुन् । भण्डारीका छोकछन्दका फूलहरू, आफ्नो गाउँ आफ्नै हुन्छ, तेसो पाईला गरि तीन कृति प्रकाशित छन् । भण्डारीले केहीवर्षदेखि पोखरा-४, गैह्राघाटनमा होटल व्यवसाय समेत संचालन गर्दै आइरहेकी छन् ।

चाया, पोतो र डण्डिफोर Bye Bye

चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाउने

यही Orginal Korean Cosmetic Product पाइन्छ ।

साथमा मोटोपन घटाउने र बढाउने पनि ।
कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
महिनामा नै १-३
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार ।
म्याट्रिक उपचार
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
थाहै नदिई जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।

पाउ, कम्मर, हात खुट्टाका जोर्निहरुको दुखाइ झन् गर्ने

नेपालमै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।

बिहानी ब्यूटी ट्रेडर्स
चिप्लेढुङ्गा, पोखरा-४, फोन: ५८४६१५४१२८, ०६१-५२४४५४
(मल्ल इम्पोरियमको अगाडि हा कम्प्लेक्स भन्दा दुई घर तल)

नयाँ र पुराना कम्प्युटरहरू खरिद बिक्री गर्नुपरेमा

के तपाईंसंग पुराना कम्प्युटरहरु छन् ?
पुरानो कम्प्युटर र त्यापटप ल्यापनुहोस र नयाँ लैजानुहोस यसका साथै हामीकहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरू किनबेच गरिन्छ ।
नोट : पोखरा भ्याली भित्र होम सर्भिसको व्यवस्था छ ।

Online Computer Institute
न्यूरोड ५, पोखरा (नगरपालिकाको कार्यालय पछाडि)
सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२

सिमलचौर गीता पाठशाला दोस्रो वर्षमा

गोल्डेन न्युज संवाददाता
पोखरा २३ असार ।

बह्मकुमारी ईश्वरीय विश्वविद्यालय अन्तर्गत पोखरा ८ सिमलचौर गीता पाठशालाले आफ्नो दोस्रो वर्षको अवसर पारेर प्रथम स्नेह मिलन कार्यक्रम गरेको छ । बह्मकुमारी ईश्वरीय विश्वविद्यालयका पशिशिका राजयोगिनी सुधा दिदीले सम्पूर्णलाई शुभकामना दिदै समयले निर्धारण गरेको विषय निश्चित हुने हुँदा प्रत्येक मानिसले समयको महत्व बुझ्न सक्नुपर्ने बताउनुभयो । सो अवसरमा संस्थाको झण्डा झण्डोलन समेत गरिएको थियो ।

४० वर्ष पहिले नेपालमा स्थापना भएको विश्वविद्यालयले शान्ति र सद्भावका लागि विविध रचनात्मक कृयाकलापहरु गर्दै आएको छ । कार्यक्रममा जग्गा छनौट तथा निर्माण समितिका संयोजक विष्णु प्रसाद भण्डारी, सचिव कृष्ण थापा, कोषाध्यक्ष पार्वती पौडेल, सहयोगी पदम कुमार माकाजु, समाजसेवी निलबहादुर केसी, पाठशालाका संचालिका रमा बैनी लगायतले १ वर्षमा संस्थाले गरेको कार्यप्रगति बारेमा धारणा राखेका थिए । सिमलचौर केन्द्रले सकारात्मक सोच, व्यक्तित्व विकास र दैनिक शिक्षा ज्ञान कार्यक्रमहरु गर्दै आइरहेको छ ।

Accounting Training
Special Accounting
"VAT & Taxation
समय : दिउँसो
सम्पर्क :
BTI pokhara, सभागृहचोक
061-207111, 9856031380

तुरुन्त खानेपानी चाहिएमा
मेनेजर: ९८४६५२४७०३
अफिस: ०६१ -४६६४७९
ट्याङ्कर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

खानेपानी चाहिएमा
मिनरल वाटर र जार पानी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।
सम्पर्क
भद्रकाली सप्लायर्स
काहुँबोलाचोक, आर्या-१,
फोन : ०६१-५३९०६०
९८४६०३७६६६

सहयोगका लागि फियो पीडित थापाको अपिल

गोल्डेन न्युज संवाददाता
पोखरा २३ असार ।

फियो नै क्षतविक्षत भएका कास्की रिभान गाविस-४ का सुनिल थापाको उपचारमा सहयोग गरिदिन उनकी श्रीमती अन्नपूर्ण थापाले अनुरोध गरेकी छिन् । आर्थिक अभावमा अहिले थापा उपचारको प्रतिक्षामा छन् ।

थापालाई गत जेठ १४ गते पोखरा-१४ निवासी भीमबहादुर परियारले आक्रमण गरि घाइते बनाएको थापाले बताए । परियार हाल प्रहरी हिरासतमा छन् । घटना पछि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराको आइसियुमा राखेर उपचार गरिएको थियो ।

पोखरा १४ स्थित रुची पिग फार्ममा मजदुरी गर्दै आएका थापाले मजदुरी गरेको पैसा समेत नपाएको अन्नपूर्ण थापाले बताइएन । एक श्रीमती र तीन छोरा रहेका थापाको अरु कोहि सहयोगी आफन्त नभएको बताइएको छ ।

स्वास्थ्य परीक्षण गर्दा फियो नै नष्ट भएको चिकित्सकले बताए । हाल मजदुरी गर्न नसक्ने थापाको बालबच्चाको भरणपोषण समेत गर्न सकेका छैनन् ।

"रंगहरुको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झने पर्ने पसल
योर्स ट्रेड कर्नर
सर्वसुलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

रेष्टुरेन्ट बिक्रीमा
पोखराको नयाँबजारस्थित अत्यन्त चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणवश तु-बिक्रीमा छ ।
सम्पर्क :
९८४६६०४०२८

निःशुल्क कम्प्युटर तालिम
यस Green plus को सहयोगमा Informatics & High Mount computer द्वारा निःशुल्क कम्प्युटर शिक्षा संचालन गैरहेको छ । (छनोटमा नपरेकालाई ६० प्रतिशत छुट दिइएको छ ।
Informatics computer
सूजनाचोक, पोखरा-८
061-229471(UTL), 9846041617
High Mount computer
विन्ध्यवासिनी, पोखरा-२
061-527435, 9846566480

नेपाली हातेकागजको प्रयोग, युवालाई स्वदेशमै काम

सुशील दर्नाल
काठमाडौं २३ असार ।

सरकारी कामकाजमा नेपाली हाते कागज प्रयोग गर्न मन्त्रिपरिषदले गरेको निर्णय पाँच वर्ष बितिसक्दा पनि अझै कार्यान्वयन हुन सकेको छैन् । तत्कालीन मन्त्रिपरिषदले २०६५ फागुन २६ गते नागरिकता, सवारी चालक अनुमतिपत्र, ब्लुबुक, राहदानी र प्यानकार्ड नेपाली कागजमा छापाइ गर्ने भनी निर्णय गरेको थियो ।

पहिलेपहिले अधिकांश सरकारी कार्यालयमा प्रयोग हुने नेपाली कागज आजभोलि अदालतबाहेक अन्य सरकारी कार्यालयमा कमैमात्रामा प्रयोग भएको पाइन्छ । पछिल्लो समयमा युवा केन्द्रित रोजगारी सिर्जना गर्नुपर्ने माग गर्दै युवाद्वारा सञ्चालित 'युवालाई स्वदेशमै काम देऊ' अभियानले मन्त्रिपरिषदले गरेको सो निर्णय कार्यान्वयन गर्न दबाव दिँदै आएको छ । सरकारले उक्त निर्णय कार्यान्वयन गरेमा ठूलो सङ्ख्यामा रोजगारी सिर्जना हुने देखिन्छ ।

उद्योगलाई बढावा दिएमा दैनिक सयौँको सङ्ख्यामा युवा विदेश जान् नपर्ने बताउँछन् । उनले भने,–"देशभित्रै रोजजारी सिर्जना गर्न सकिने क्षेत्र जल, जमिन, जङ्गल, पर्यटन, जडीबुटी, कृषि र सूचना प्रविधिको पहिचान गरी राज्यले युवालाई परिचालन गर्नुपर्छ ।"बर्सौंदि करिब पाँच लाखभन्दा बढी युवा कामको खोजीमा खाडीलगायतका मुलुकमा जाने गरेको तथ्याङ्क छ । सो अभियानले युवालाई रोजगारी दिनुपर्ने, व्यवसाय सञ्चालन गर्न सहूलियतपूर्ण ऋण उपलब्ध गराउनुपर्ने नभए बेरोजगार युवालाई बेरोजगारी भत्ताको व्यवस्था गर्नुपर्ने माग गर्दै आएको छ । नेपाली हाते कागज सङ्घका सचिव मोहनकृष्ण मानन्धरले नेपाली हातेकागज व्यवसायले करिब पाँच हजार घर परिवारको निमित्त रोजगारी सिर्जना गरेको बताए ।

सो सङ्घले प्राकृतिक वनस्पति कच्चा पदार्थबाट उत्पादन गरिने नेपाली कागजको स्वदेश तथा विदेशमा सुलभ तरिकाबाट उपलब्ध गराइनुपर्ने माग गरेको छ । सचिव मानन्धरले देशको आर्थिक उन्नति एवम् स्वदेशमै रोजगारीको अवस्था सिर्जना गर्न सरकारी तथा सम्बन्धित निकायबाट दिगो विकासमैत्री कार्यक्रम ल्याउनुपर्नेमा जोड दिए ।

नेपालको ५६ जिल्लामा पाइने लोक्ता जातको वनस्पतिको विकासमैत्री नेपाली कागज उद्योगको प्रवर्द्धन, विकास र प्रयोग हुनसके देशले आर्थिक विकासमा ठूलो सहयोग पुग्ने अभियानकर्मी रमेश अधिकारीको भनाइ छ । वार्षिक करिब रु सात अर्ब ६३ करोड ४० लाख बराबरको कागज विदेशबाट आयात गरिन्छ । लोक्ता कागजको बजार छिमेकी मुलुकलगायत अमेरिका, क्यानडा, बेलायत, फ्रान्स, इटली, डेनमार्कलगायतका मुलुकमा रहेको पाइन्छ । नेपालको कुल निर्यातको १० प्रतिशत हिस्सा नेपाली हातेकागजले ओगटेको छ । यसको निर्यात वार्षिक आठ प्रतिशतले बढिरहेको छ । वार्षिक करिब रु ५५ करोड बराबरको नेपाली हातेकागज विश्वका ४२ देशमा निर्यात हुने सङ्घका सचिव मानन्धरले बताए । सार्वजनिक खरिद ऐनअनुसार नेपाल सरकार मातहतका कार्यालयले सामान खरिद गर्दा विदेशी उत्पादनको तुलनामा १५ प्रतिशत महँगो भए पनि गुणस्तरीय नेपाली उत्पादन खरिद गर्नसक्ने नीतिगत व्यवस्था छ । तर सो व्यवस्थालाई भने सरकारी निकायबाटै बेवास्ता भएको पाइन्छ । रासस

८४ जना बिग आइकनको तेस्रो चरणमा

गोल्डेन न्युज संवाददाता
पोखरा २३ असार ।

बिग आईकनको तेस्रो चरणमा ८४ जना गायन प्रतिभाहरुले इन्ट्रि पाएका छन् । पहिलो चरणबाट दोस्रो चरणका लागि छानिएका १ सय ४६ प्रतिस्पर्धीहरुमध्येबाट उनीहरु छानिएका हुन् । पहिलो चरणमा ५० जिल्लाका ८ सय ९० जना प्रतिस्पर्धीहरु सहभागी थिए ।

दोस्रो चरणको अडिसन दुई दिनमा सकिएको एफएमले जनाएको छ । तेस्रो चरणको अडिसन असार २५ गतेदेखि हुने एफएमका कार्यक्रम संयोजक संजोग बस्यालले गोल्डेन न्युज दैनिकलाई जानकारी दिए । 'कार्यक्रमे निकै गति लिईरहेको छ भने नेपालभर रियालिटि शो बिग आईकनको चर्चा चुलिएको छ ।' कार्यक्रम संयोजक बस्यालले भने- 'बिग आईकनको यो संस्करणले राष्ट्रिय रुपमा थप उचाई लिने निश्चित देखिएको छ ।'

बिग आईकनको यो संस्करणमा संगीतकमीद्वय श्यामसुङ तामाङ र सुनील थापा निर्णायकको रुपमा रहेका छन् । 'गायन प्रतिभाहरु निकै खारिएको पाएका छौं ।' निर्णायकहरुले भनेका छन्-'बिग आईकनमार्फत यो वर्ष नेपाली सांगीतिक क्षेत्रले एउटा प्रतिभावान गायक/गायिका पाउनेछ ।' बिग आईकनको पछिल्लो संस्करण गायन प्रतिभाहरुका लागि विस्तारित मञ्चको रुपमा विकसित भएको पनि उनीहरुले बताए ।

नेपालकै सर्वाधिक पुरस्कार राशि भएको रियालिटि शो करिब दुई महिनासम्म चल्नेछ । विजेता बन्नेको लागि पनि पहिलो पटक १९ चरणको अडिसन पार गर्नुपर्नेछ । यसपटक बिग आईकन बन्ने प्रतियोगीले १ लाख ६० हजार रुपैया बराबरको पियाजिको स्कुटर प्राप्त गर्नुका साथै ब्रिटिश कलेजको स्पोन्सरसिपमा एक हप्ते बेलायतको सांगीतिक भ्रमणको मौका पाउनेछन् । यस्तै दोस्रो हुनेले ७५ हजार रुपैया बराबरको पुरस्कार प्राप्त गर्नेछन् भने तेस्रो हुनेले ५० हजार रुपैया बराबरको पुरस्कार प्राप्त गर्न एफएमले जनाएको छ ।

कालीगण्डकीमा पानी बढेपछि स्टिमर बन्द

गोल्डेन न्युज संवाददाता
स्याङ्जा २३ असार ।

पश्चिम स्याङजाको मिर्मी स्थित नेपालकै सबैभन्दा ठूलो कालीगण्डकी ए जलविद्युत केन्द्रको बाँधका कारण कालीगण्डकी नदीमा बनेको जलाशयमा सचालन गरिएको स्टिमर नदीमा पानीको बहाव बढेका कारण अनिश्चित कालका लागि बन्द गरिएको छ । मिर्मी आधिमुहानदेखि स्याङजा, पर्वत र गुल्मीको सङ्गमस्थल सेतीवेणी शिलासम्मको सात किलोमिटर जलयात्रा वर्षाका कारण कालीगण्डकी नदीमा पानीको बहाव उच्च हुँदै गएपछि बन्द गरिएको शिला शालीग्राम जल यातायात व्यवसायी समितिले जनाएको छ । विगत १२ वर्षदेखि कालीगण्डकी नदीमा १० वटा स्टिमर सञ्चालन हुदै आएको छ । कालीगण्डकी 'ए' को बाधस्थलमा पानी थुनिदा कालीगण्डकी तालमा पर्रिणत भएपछि सर्वसाधारण आवत-जावतका लागि स्टिमर/मोटरबोट/सञ्चालन हुदै आएको थियो । स्टिमर बन्द भएपछि स्याङजा पर्वत र गुल्मीका डेढ दर्जन गाबिस प्रत्यक्ष रुपमा प्रभावित भएका छन् । स्टिमरमा दैनिक पाँच/छ सय यात्रुहरुले आवतजावत गर्दछन् ।

स्टिमरले दैनिक १० देखि १५ टनसम्म मालसामान ढुवानी गर्दै आएको छ । श्रीकृष्णगण्डकी ८ आधिमुहान देखि स्याङजा,पर्वत र गुल्मीको सगमस्थल सेतिवेनीसम्म स्टिमर सञ्चालन हुँदै आएको छ । सेतीवेनीसम्म पुरनको लागि वैकल्पिक बाटो सहज नहुदा सर्वसाधारण स्टिमरकै भर पर्नुपर्ने हुन्छ । वर्षायाममा ग्रामिण बाटोसमेत सञ्चालन नहुनाले सर्वसाधारण सेतीवेनीसम्म पुग्न ३ घण्टा पैदल हिंड्नुपर्ने हुन्छ । स्टिमर प्रयोग गरेर यात्रा गर्नेलाई असार देखि असौज सम्म समस्यामा पर्ने स्थानियहरु बताउछन् । जसका कारण मालसमान ढुवानीदेखि विरामी ओसार पसारमा मुख्य समस्या रहेको समेत उनीहरु बताउँछन् ।

ज्ञानज्योति पुस्तकालयलाई सुविधा सम्पन्न बनाइने

गोल्डेन न्युज संवाददाता
पोखरा २३ असार ।

पोखरा उपमहनगरपालिका वडा नं. १० र १५ स्थित रामबजार बरिपरि रहेका सामाजिक एवम् धार्मिक संघसंस्थाहरुको संयुक्त भेला सम्पन्न भएको छ । पोखरा १५ लक्ष्मीटोल रामबजार स्थित ज्ञानज्योति पुस्तकालयको आयोजनामा सम्पन्न भेलाले आगामी दिनहरुमा यस क्षेत्रमा हुने कुनैपनि कार्यक्रमहरु गर्दा समन्वय गरी गरिने र संघ-संस्थाहरुबीच घनिष्ट सम्बन्धको विकास गर्दै जाने निर्णय गरेको छ । विशेषत: रामबजार टोल सुधार समिति १०, १५ ले नेतृत्वदायी भूमिका खेल्नुपर्ने बताएका छन् । २०२४ सालमा रामबजारमा स्थापना भएको ज्ञानज्योति पुस्तकालयलाई अहिले भइरहेको दुईतले पक्की भवनमा अरु २/३ तला थप गरी बहुउद्देश्यीय भवनको रुपमा विस्तार गरी सामाजिक संघसंस्थाको संयुक्त सचिवालय बनाउन सकिने तर्फ पनि छलफल भएको थियो । ज्ञानज्योति पुस्तकालयलाई आधुनिक पुस्तकालय (इ-लाइब्रेरी) को रुपमा विकास गर्ने बारे जानकारी गराइएको थियो ।

पुस्तकालय संचालनका लागि अपयकोपको स्थापनासँगै सो कोषमा रकम आउने क्रम शुरु भएको छ । असल गुरु जोर्जोजोनबाट बीउपुँजी स्वरुप प्रदान गरेको रु.१० हजारमा रामबजार सोसाइटी युकेका सल्लाहकार ह्रय डा.चन्द्रबहादुर गुरुङ्ग र महेश गुरुङबाट जनही १०।१० हजार, भरत केसीबाट ५ हजार ५ सय, मोहन बहादुर सिंहबाट ५ हजार सहयोग प्राप्त भएको छ । यसैगरी विभिन्न संस्थाहरुले पनि पत्रपत्रिका सौजन्य गरी साँझ ५ देखि ७ बजेसम्म वाचनालय खुल्ला भइरहेको छ । ज्ञानज्योति पुस्तकालयको सभाकक्षमा आयोजित भेलाले गत वर्षमात्र स्थापना भई छोटो समयमा नै आफ्नो पहिचान बनाउन सफल रामबजार युथ क्लबको केही हप्ता अघि एक विज्ञप्ति प्रकाशन गरी आफ्ना गतिविधिहरु स्वयम गरेको मा संयुक्त भेलाका सहभागीहरुले दुःख प्रकट गर्दै युथ क्लबलाई आफ्ना गतिविधिहरु पुनः संचालन गर्न अनुरोध गरिएको छ ।

यसरी अनुरोध गर्ने संघसंस्था हरुमा टोल सुधार समिति रामबजार १०, १५, ज्ञानज्योति पुस्तकालय रामबजार, राम मन्दिर, कृष्ण मन्दिर, कालिका मन्दिर संचालक समिति, लक्ष्मीटोल विकास संस्था, लक्ष्मी टोल आमा समूह, माछापुच्छे टोल महिला समूह, विश्वकर्मा समाज, सुनचाँदी व्यवसायी संघ, गोल्डेन फ्युचर बोर्डिङ स्कूल, ज्योतिकुञ्ज एजुकेशन फाउण्डेशन, रेन्बो एकेडेमी होम्स उच्च माबि, कालिका उच्च माबि, सिद्ध उच्च माबि, कृष्णटोल आमा समूह, नेपाल अपाङ्ग कल्याण संघ लगायत करीब ४० जनाको सहभागिता रहेको थियो । रामबजार सोसाइटी युकेका सल्लाहकार महेश गुरुङ्गका साथै ज्ञानज्योति पुस्तकालयका संस्थापक अध्यक्ष तारानाथ पाखेको विशेष उपस्थिति तथा ज्ञानज्योति पुस्तकालयका अध्यक्ष निरज थापाको अध्यक्षतामा सम्पन्न उक्त भेलाको संचालन सचिव गुरुदत्त कोइरालाले गरेका थिए ।

केफ स्कूलद्वारा विद्यार्थी सम्मानित

पोखरा २३ असार ।

पोखराको बगरस्थित केफ उच्च माध्यमिक विद्यालयमा कक्षा १२ का विद्यार्थीले कक्षा ११ का विद्यार्थीलाई सम्मान गर्ने कार्यक्रम सोमबार सम्पन्न भयो । नवीन अधिकारीको अध्यक्षतामा र विद्यालयका निर्देशक लोकराज भण्डारीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा कक्षा ११ का विज्ञान तथा व्यवस्थापन सङ्कायका विद्यार्थीहरुले सारगर्भित भनाइ, विभिन्न नृत्य तथा गायन प्रस्तुत गरी कक्षा १२ का विद्यार्थीहरुलाई भव्य स्वागत गरेका थिए । कार्यक्रममा डुकप्रसाद पौडेल, मिनराज लम्साल, सह-प्राचार्य भानुभक्त पोखरेल, प्राचार्य डिल्लीराम अधिकारी तथा लोकराज भण्डारीले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन शिक्षक दुर्गाराज पाण्डेले गरेका थिए । स्वागत कार्यक्रमको अवसरमा कक्षा ११ मा अध्ययनरत छात्रा विश्वास गौतमको अध्यक्षतामा ११ सदस्यीय युवा रेडक्रस सर्कल गठन भएको छ । सर्कलको उपाध्यक्षमा विवेक सुवेदी, सचिवमा सुरेस भण्डारी, सह-सचिवमा अशोक दाहाल, कोषाध्यक्षमा सरिता गौतम, सह-कोषाध्यक्षमा अर्जुन खड्का रहेका छन् भने सदस्यहरुमा वसन्त गर्बुजा, सुदीक्षा त्रिपाठी, खिमा गर्बुजा, प्रतीक्षा शर्मा तथा प्रवेश गुरुङ रहेका छन् । समितिको प्राथमिक उपचार उप समितिको संयोजकमा सम्झना अधिकारी, आर्थिक उप समितिको संयोजकमा करुणा चापागाई, सह-क्रियाकलाप उपसमितिको संयोजकमा सुशील परियार, स्वास्थ्य तथा सरसफाइ उपसमितिको संयोजकमा सुस्मिता अधिकारी छन् ।

(निरोज बजगाई/विद्यार्थी पत्रकार)

खुशीको खबर ! खुशीको खबर !!

के तपाई कम्प्युटर बिग्रिएर समस्यामा हुनुहुन्छ ? वदि तपाई घर तथा अफिसमै आएर कम्प्युटर मर्मत गर्न ठाउँको खोजीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।
सेवा दिने स्थानहरु : पोखरा भ्यालि, लेखनाथ र तनहुँ
Mycomputersathi.com
❖website Design & Development
❖Online Radio streaming Service
Mycomputersathi, Buddhachowk, Pokhara-10
Contact: 9746014694, 9804160688, 9846444087
Email : mycomputersath, **Skype :** mycomputersathi
Website : www.mycomputersathi.com

खुशीको खबर ! खुशीको खबर !!
सस्तो, भरपर्दो, छिटो र विश्वासिलो माध्यमबाट देश तथा विदेशमा चिठिपत्र, पार्सल एवं कार्गो पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
साथै बस, जहाज र मनकामना केवलकारको टिकट समेत हामीकहाँ पाइन्छ ।
सम्पर्क
WorldTouch Cargo & Courier Pvt.Ltd.
(सम्पदा कम्प्लेक्स) चिप्लेढुङ्गा, पोखरा, फोन ०६१-५३२४०२, ९८०६७३८३००

विदेश जानेहरुका लागि सुवर्ण अवसर
दुबई र कतारको Group-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्र.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु नि.शुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरु :-
☞ शतप्रतिशत उत्तीर्ण गराउन सफल
☞ आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराईने ।
☞ १ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल
अवतरणार्थी मगाइरहेको छ ।
सम्पर्क फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेस कम्प्लेक्स
सटर नं. ३७, फोन:- ०६१-५००१२, मो. ९८४०-४१४१२

FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA
❖चौल घुरुप : लिङ्कको साइज घटाउन, पोल क्षमता बढाउन, नाम्दी, डिलापन, टेढापन, हटाउन, घुल्न सहायक रात फर्काउन,
Herbal Livetra, Hormotex, Maxman.
महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न
गुप्ताङ्ग- Teenager जस्तो कसिलो बनाउन
पिरा-पेट र स्तनमा हुने सेती धर्सा हटाउन
❖केश झर्ने तुरुन्नै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-
❖सुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
❖उचाइ बढाउन Step up (नयाँ पैत्रा फिता)
❖तौल बढाउने आयुर्वेदिक अचुक औषधि मात्र १५००/-
(महिनामा ७-१० Kg बढाउने)
❖थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन
❖तौल घटाउने जापनिज डाइट मात्र २५००।-
❖हाड तथा जोनी दुखाइ ठीक पार्ने सन्धीसुधा, पेनलिम
❖ तौल घटाउन Slim 24 pro
पोखरा हर्बल होम्स
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

Study in Switzerland & Poland
❖Intake Sep./Oct.
❖No IETS/TOFELS
❖Pay After Visa
❖Gap uo-to 5 years
❖Part time job 20 hour Per Week
❖High chance of Visa
Contact
Career Makers Education Pvt.Ltd.
Panthigalli, Chipledhunga, Pokhara-4
Tel: 061-523454, 9846040874

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक : खाना रुचि नहुने, अमिलो पानी आउने, म्हुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
थौल समस्या : सिङ्ग स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै थौल समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनावारी नहुदाँही, सेतोपानी बन्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, थौल चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता :- कालो चाया पोतो, डण्डिफोर, दाग धब्बा, मस्किया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
तुरुन्तै पातलो शिप्रिको तौल घटाउने चाहिँ मोटो पन घटाउने ।
थप उपचार :- प्रेसर, सुगर, जण्डिस, पिसास, पाइल्स, दुम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै झरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३९८७७, ०६-१२२५४४८, मो. ९८४६१३७४९८

हामी सरेका छौं
न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७
पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।
त्यो पनि सस्तोमा
Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions
आत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ
Mono/Color (A4/A3)
इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित
गण्डकी कम्प्युटर्स
... the printer house

वेपत्ता व्यक्तिहरूको खोजी गर्न आग्रह

गोल्डेन न्युज संवाददाता
पोखरा २३ असार ।

माओवादी आन्दोलनको वेलामा वेपत्ता भएका नागरिकहरुको परिवारको माग संवोधन गर्न राज्य द्वारा वेपत्ता योद्धा परिवार समाजका केन्द्रीय अध्यक्ष एक नारायण भण्डारीले माग गरेका छन् ।

कास्कीको लेखनाथ स्थित खुदी खोलामा तत्कालिन अवस्थामा सेना द्वारा गिरफ्तार गरि घाईते बनाईएका सोमबहादुर वि.क (ज्योती) को स्मृतिमा आयोजना गरिएको स्तम्भ अनावरण तथा ज्योति चोक घोषणा कार्यक्रममा उनले सो माग गरेका हुन । २०४७ सालको संविधानको विरुद्धमा आन्दोलन उठाएको शक्तिलाई सोही संविधानको धारा, उपधारा खोजेर गरिने न्यायले कुनैपनि हालतमा न्याय नदिने भएकोले एकीकृत माओवादीले छरेको भ्रममा नपर्ने उनले आग्रह गरेका छन् । संसदमा भएका एकीकृत माओवादीका वेपत्ता परिवारका सभासदले समेत आयोगको पक्षमा मतदान गरेकोमा आफूलाई आश्चर्य लागेको उनले बताए । शहरमा पुगेपछि मिठो खाएर विगिएको माओवादीले संसदमा भिनो मत बोकेर उपलब्धिको रक्षा गर्छु भन्दा दिवासपना भएको भण्डारीले उल्लेख गरे । क्रान्तिकारी रुपान्तरणको शर्तमा मात्र पार्टी एकताको संभावना भएको तर अहिले एकीकृत माओवादीसंग त्यो संभव नभएको उनको कथन थियो । कार्यक्रममा वेपत्ता सोम विकको आमा ओम कुमारी वि.क ले छोराका तत्कालिन साथीहरुलाई अहिले हिंडिरहेको देख्दा आफ्नो छोरो पनि जीवितै छ जस्तो अनुभूति हुने बताईन । कार्यक्रममा नेपाली कांग्रेस लेखनाथ सभापति राजेन्द्रमणि लामिछाने, एमाले नगर अध्यक्ष मोहन गुरुङ्ग, एकीकृत माओवादीका स्थानीय नेता अर्जुन मल्ल, नेकपा-माओवादी कास्की जिल्ला सेक्रेटरी सांविधी दुरा लगायतले घोषणा भएको ज्योति चोक प्रचलनमा ल्याउन आग्रह गरे ।

वेपत्ता विकलाई उनकै घरबाट ५९ सालमा तत्कालिन शाहि नेपाली सेनाले नियन्त्रणमा लिएर वेपत्ता बनाएको हो । शान्ति प्रक्रिया पछि माओवादी पटक-पटक सरकारमा पुगेपनि वेपत्ताको विषयमा कुनै पनि काम गर्न सकेन ।

इदको अवसरमा नेपाली सांस्कृतिक साँझ हुँदै

खेरा २३ असार ।(गोल्डेन)

नेपाली इन्द्रेनी समूह बहराइनले मुस्लिम धर्मालम्बीहरुको महान पर्व इदको अवसरमा नेपाली सांस्कृतिक साँझ २०१४ आयोजना गर्ने भएको छ । जुलाई २९ तारिखका दिन बहराइनको डेल्मोन इनटरनेशनल होटलमा गरिने कार्यक्रम सम्पन्न गर्नका लागि बहराइनमा रहेका राम बालौलाको संयोजकत्वमा ९ सदस्यिय कमिटी गठन गरिएको छ । मुल समितिको उपसमितिमा स्वयमसेवक परिचालनमा लोक विक्रम मल्ला, व्यवस्थापनमा दुर्गा त्रिपाठी, महेश लिम्बु, लक्ष्मण श्रेष्ठ, राजु सोनाम, आर्थीक संकलनमा लोकविक्रम मल्ला, आजित घाम्थोल, टिकट व्यवस्थापनमा रवि पुडासैनी, कार्यक्रम संचालनमा लोकविक्रम मल्ला रहेका छन् । कार्यक्रमका लागि नेपालका चर्चित कलाकारहरुको प्रस्तुति रहने कार्यक्रम संयोजक वास्तोलले जानकारी दिएका छन् । उक्त सांस्कृतिक साँझमा लोकदोहोरी गायक मिलन लामा, आधुनिक तथा पप गायक दिपक लिम्बु, नायिका सुष्मा कार्की, गायीका सम्झना लामिछानेमगर, नृत्यकार पार्वती राई, हस्याकलाकार कमल गाँडले लगायतको प्रस्तुति रहने दुर्गा त्रिपाठीले जानकारी दिए ।

केही कर्मचारीको आवश्यकता
यस कम्पनीका लागि अफिसमा काम गर्ने तथा बजार प्रतिनिधि भएर काम गर्न केही कर्मचारीहरु आवश्यक परेकाले इच्छुक व्यक्तिहरुले तुरन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क
न्यू पायोनियर इन्टरनेशनल,
रानीपौवा, पोखरा-११
फोन : ०६१-५२७५१८, मो. : ९८५६०२५३७०

ब्राजिल...

गुमाउने भएको छ । कप्तान थियागो शिल्भा र स्ट्राइकर नेयमार सेमिफाइनलमा खेल्दैनन् । जारी प्रतियोगितामा कप्तान शिल्भाले दोहोरो पहेंलो कार्ड खाएकाले खेल नपाउने भएको हो । नेयमारलाई चाहिं ढाडमा चोट लागेकाले कम्तीमा चार हप्ता आराम गर्नुपर्ने भएको छ । कोलम्बियाविरुद्धको खेलमा कोलम्बियाका खेलाडी क्विन्टेरोले खेलको ८७औं मिनेटमा मैदानमा लड्याएपछि चोटग्रस्त नेयमार प्रतियोगितामा सहभागिता जनाउन नसक्ने भएका हुन् ।

सिद्धबराह उमाविमा सेकोर्स अफ बेल्जियमको थप सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ असार ।

तस्वीर : गोल्डेन न्यूज दैनिक

कास्कीको चापाकोटस्थित सिद्धबराह उच्च माविमा १० कोठे नयाँ भवन बन्ने भएको छ । नेपाल सेकोर्स अफ बेल्जियमको सहयोगमा करिब ७० लाख रुपैयाँको लागतमा उक्त भवन बन्ने भएको हो । यसअघि पनि उक्त संस्थाले १४ कोठे भवन निर्माण गरिदिएको थियो । वि.सं.२०४४ सालमा स्थापित सिद्धबराह उमावि स्थानीय सर्वसाधारणको प्रयासबाट भौतिक पूर्वाधार जुटाउँदै अघि बढ्नेक्रममा अब बन्ने नयाँ भवन संगै विद्यालयले कक्षाकोठाहरुमात्र नभएर होस्टेलको सुविधा समेत विद्यार्थीहरुलाई दिन सक्ने भएको छ । करिब पाँचसय विद्यार्थी त्यस विद्यालयमा अध्ययनरत छन् । कास्कीको चापाकोट, भदौरेतामागी, ढिकुरपोखरी र कास्कीकोट गाविसको पायक पर्ने स्थान ठूलाखेतको माझखुममा संचालित त्यस विद्यालयलाई क्याम्पसको रुपमा विकास गर्ने लक्ष्य स्थानीय अभिभावकहरुको रहेको छ ।

सोमवार विद्यालयमा आयोजित एक समारोहमा नेपाल सेकोर्स अफ बेल्जियमका संयोजक तथा शिक्षासेवी रामप्रसाद तिमिल्सिनाले विद्यालयको शिलान्यास गरेका हुन् । त्यस अवसरमा बोल्दै उनले त्यस क्षेत्रको अभिभावहरुबाट प्राप्त माया र सद्भावलाई कहिल्यै नभुल्ने बताए । उनले सिद्धबराहमा अध्ययन गर्ने विद्यार्थीहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने पूर्वाधार विकासमा आफ्नो तर्फबाट सम्भव भएसम्मको सहयोग गर्ने प्रतिबद्धता जनाउँदै अब बन्ने भवनको गुणस्तरमा ध्यान दिन अभिभावकहरुलाई आग्रह गरे ।

तिमिल्सिनाका अनुसार उनी संलग्न संस्था सेकोर्स अफ बेल्जियमले कास्की जिल्लाका विभिन्न गाविसमा रहेका विद्यालयको पूर्वाधार विकासमा सघाउँदै आएको छ । यसैक्रममा केही वर्ष यता कास्कीका करिब १५ वटा विद्यालयमा भवन निर्माण एवं पूर्वाधार विकासका लागि १५ करोड रुपैयाँ भन्दा बढी खर्च भैसकेको छ । संस्थाले वेल्जियम सरकारको सहयोगमा प्राप्त गरेको रकमबाट कास्कीमा विद्यालय भवन निर्माण तथा मर्मत एवं शिक्षा, स्वास्थ्य र कृषि लगायतका विभिन्न क्षेत्रमा काम गर्दै आएको छ ।

शिलान्यास समारोहलाई सम्बोधन गर्दै सिद्धबराह उमावि व्यवस्थापन समितिका अध्यक्ष भेषराज पराजुलीले विद्यालयलाई क्याम्पसको रुपमा विकास र विस्तार गर्ने तथा शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षक, अभिभावक र विद्यार्थीहरुको सक्रिय सहयोग र समर्थको आवश्यकतामा जोड दिए । तिमिल्सिना संयोजक रहेको सेकोर्स अफ बेल्जियमले विद्यालयमा २ वटा भवन निर्माणमा सहयोग पुऱ्याएको स्मरण गर्दै उनले भविष्यमा पनि विद्यालयको आवश्यकता अनुरुप सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे । स्थानीय आमा समूह, समाजसेवी तथा भजनकीर्तन समूहलाई समेत आवश्यकता अनुसार सहयोग जुटाउन आफूले पहल गर्ने उनको भनाइ थियो । मनिरत्न बडसरा अक्षयकोषका संस्थापक विश्वेश्वर पराजुलीले भौतिक पूर्वाधारको विकास संगै शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यनलय परिवारले अझै सक्रिय देखाउनुपर्ने खाँचो औल्याए । विद्यालयका पूर्व शिक्षक समेत रहेका नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष गंगाधर पराजुलीले स्थापना कालमा विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरु बस्नका लागि डेस्क बेन्चको समस्या सभाव रहेकोमा क्रमशः भौतिक सुविधा थपिदै गएकोमा खुशी व्यक्त गरे । २०४६ सालको जनआन्दोलनताका आफूलाई विद्यालयमा अध्यापन गरिरहेका बेला पकाउ गरी २ महिना जेलमा राखिएको स्मरण गर्दै उनले मुलुकको शैक्षिक विकास तथा आम नागरिकको अधिकार संरक्षणका लागि सदैव आफूले पहल गर्ने बताए । विद्यालयका प्रअ ठाकुरप्रसाद पराजुलीले सेकोर्स अफ बेल्जियमले त्यस क्षेत्रका बालबालिकाका लागि शिक्षाको ज्योति फैलाउन महत्वपूर्ण सहयोग गर्दै आएको जानकारी दिदै विद्यालयको मर्मत तथा रङरोकनका लागि समेत १० लाख रुपैयाँ प्राप्त भएको जानकारी दिए । कार्यक्रममा सहयोगदाता रामप्रसाद तिमिल्सिनाकी धर्मपत्नी पार्वती तिमिल्सिना, विद्यालयका सहायक प्रअ बद्रनाथ पराजुली, सिद्ध बराह आमा समूहका अध्यक्ष कृष्ण सुवेदी र शिक्षक तुलसीप्रसाद भण्डारी लगायतले विद्यालयका विविध गतिविध र सेकोर्स अफ बेल्जियमले गरेको सहयोगका बारेमा चर्चा गरेका थिए ।

ह्याण्डबलको आधारभूत तालिम

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ असार ।

नेपाल ह्याण्डबल संघको विषेश सहयोग तथा कास्की जिल्ला ह्याण्डबल संघको आयोजनामा सोमबारदेखि पोखरामा तीन हप्ते आधारभूत ह्याण्डबलको प्रशिक्षण सुरु भएको छ । साउन १२ गतेसम्म पोखरा रंगशालामा संचालन हुने उक्त प्रशिक्षणमा कोरियन ह्याण्डबपल प्रशिक्षक हन हि सीयोक र ह्याण्डबलका सहायक प्रशिक्षक कृष्ण शाक्यले प्रशिक्षण गराउँदैछन् । विद्यालयका खेल शिक्षक, खेलाडी, सशस्त्र प्रहरी तथा नेपाल आर्मीका गरी करीब ४० जनाको सहभागिता रहेको विद्यालय ह्याण्डबल संघ कास्कीका सचिव खिम गुरुडले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । नेपाल ह्याण्डबल संघका अध्यक्ष तेज गुरुङ र कास्की जिल्ला ह्याण्डबल संघका अध्यक्ष सेरबहादुर गुरुङले प्रशिक्षकद्वय सियोक र शाक्यलाई बल हस्तान्तरण गरी कार्यक्रमको शुभारम्भ गरेका हुन । नेपाली राष्ट्रिय ह्याण्डबल टोलीलाई प्रशिक्षण गराउन राजधानी आएका कोरीयन प्रशिक्षकलाई पोखराको पनि ह्याण्डबल खेलको विकास गराउने उद्देश्यले तीन हप्ताको लागि पोखरा ल्याइएको नेपाल ह्याण्डबल संघका अध्यक्ष तेज गुरुङले बताए । कोरीयन प्रशिक्षकले काठमाठौंमा २ महिना प्रशिक्षण गराए पोखरा आएको संघका केन्द्रीय सदस्य केशव पाठकले बताए ।

उद्घोषण कला तथा नेतृत्व विकास तालिम

पोखरा २३ असार ।(गोल्डेन)

बागलुङ-पोखरा मगर समाजको आयोजनामा शनिबारदेखि सुरु तीन दिने उद्घोषण कला तथा नेतृत्व विकास तालिम सोमबार सम्पन्न भएको छ । २५ जना मगर महिलाहरूको सहभागिता रहेको सो तालिममा गोखाली रेडियोका सञ्चारकर्मी ओम जी मगरले उद्घोषण र नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) कास्कीका उपाध्यक्ष रूद्रबहादुर श्रीसमगरले नेतृत्व विकास सम्बन्धी प्रशिक्षण दिएका थिए । तालिमको समापनका अवसरमा बोल्दै प्रमुख प्रशिक्षक श्रीसमगरले तालिमका क्रममा सिकेका कुराहरूलाई व्यवहारमा उतार्न आग्रह गरे ।

एमालेको ...

पाँच प्रतिशत मनोनयन नगर्ने कार्यपति उनीहरुले असन्तोष जनाएका छन् । पदाधिकारी थप्ने मिश्रित मत : पार्टीमा पदाधिकारीको सङ्ख्या १५ जना हुने प्रस्ताव सर्वसम्मत हुन सकेको छैन । कतिपय समूहले सङ्ख्या नथप्न सुझाएका छन् भने केहीले थप्न सकिने भनेका छन् । दुई सचिव, दुई उपमहासचिव र ३ उपाध्यक्ष हटाएर अध्यक्ष, बरिष्ठ नेता, दुई उपाध्यक्ष (पुरुष र महिला), महासचिव, तीन सचिव र एक कोषाध्यक्षको व्यवस्था गर्नु उचित हुने सुझाव दिइएको केन्द्रीय निकाय समूहका टोली नेता सूर्य थापाले बताए । पार्टीको नेतृत्व उमेर समूहका हिसाबले सन्तुलित हुनुपर्ने, ३५(४५ वर्ष उमेर समूहका युवा, ४५(६० वर्ष उमेर समूहका वयस्क र ६०(७० उमेर समूहका पाको पुस्तालाई निश्चित प्रतिशतको आधारमा नेतृत्वमा समेटिनुपर्ने, पाको पुस्ताको अनुभव र अभिभावकीय भूमिका, वयस्क पुस्ताको कार्यकारी सकियता र युवा पुस्ताको ऊर्जा र उत्साहले पार्टीलाई अतीतमुखी नभई भविष्यमुखी बनाउने उनीहरुको तर्क छ ।

प्रतिवेदनमा समाजवादलाई असम्भव सपनाजस्तो चित्रण गरिएकाले कतै पार्टी पुँजीवादबाट लोभिएका त होइनौं भन्ने प्रश्न प्रतिनिधिले उठाएका छन् ।

बन्दसत्रमा मार्वे प्रतिवेदन : पार्टी महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेज हलमा आइसकेपछि प्राप्त भएको भन्दै कतिपय समूहले नेतृत्व र आयोजक कमिटीको आलोचना गरेका छन् । समूहगत छलफलका क्रममा मार्वे हातमा दस्तावेज पाउने स्थिति दुःखद् हो भन्दै उनीहरुले बहस, छलफललाई घनीभूत र विषयकेन्द्रित बनाउन महाधिवेशन अगाडि प्रतिवेदनलाई तल्लो कमिटीमा लैजानुपर्ने बताए । एमालेले महाधिवेशनअघि प्रतिवेदन प्रकाशन गरे पनि कार्यकर्ताको हातमा लैजान नसकेको देखिन्छ ।

विद्युतीय मतदान नहुने : यसैगरी नेकपा (एमाले) को नेतृत्व चयनका लागि विद्युतीय मतदान नहुने भएको छ ।

बरिष्ठ नेता माधवकुमार नेपाल समूहले असहमति जनाएपछि समय लत्याउनुभन्दा मतपत्रबाटै मतदान गराउने निर्णय भएको अध्यक्ष मण्डलका अध्यक्ष विद्यादेवी भण्डारीले जानकारी दिए । उनले मङ्गलबार सांझसम्म समूहगत छलफल सकिएपछि उम्मेदवार दर्ता प्रक्रिया प्रारम्भ हुने बताए ।

यसैगरी नेकपा (एमाले) ले नवौं राष्ट्रिय महाधिवेशनमा गर्ने भनिएको पाँच प्रतिशत प्रतिनिधि मनोनयन नगर्दा युवा नेता ममांत भएका छन् । विसं २०४२ देखि एमालेबाट राजनीतिको यात्रा सुरु गर्नुभएकी युवा नेत्री धनकुमार सुनार आफू मनोनीत भएपछि केन्द्रीय सदस्यमा उठेर बिजयी हुने तयारीमा हुनुहुन्थ्यो तर पार्टीको आन्तरिक समस्याका कारण पाँच प्रतिशत मनोनीत नहुँदा उनीलाई पीडा महसुस भएको छ । यसैगरी नेकपा (एमाले)ले आगामी दिनमा चन्दा सहयोगलाई प्राथमिकता नदिई पार्टी कमिटीको आफ्नै आम्दानीको स्रोतमा पार्टीलाई आत्मनिर्भर बनाउने प्रस्ताव अघि सारेको छ । भूकुटीमण्डपमा जारी नवौं महाधिवेशनमा केन्द्रीय लेखा आयोगका अध्यक्ष डा. पुष्प कँडेलले प्रस्तुत गरेको प्रतिवेदनमा पार्टी आर्थिक रूपमा सबल र स्वायत्त हुनुपर्ने, चन्दा सहयोगजस्ता कार्यलाई प्राथमिकता नदिई उत्पादनमुखी हुनुपर्नेमा जोड दिइएको छ । एमाले प्रचार विभागका प्रमुख प्रदीप ज्वालीका अनुसार अब पार्टी कमिटीले आर्थिक उत्पादन गर्ने र कार्यकर्ताले राज्यलाई कर तिर्ने कार्यलाई प्रश्रय दिने बताए । एमालेको मुख्य आम्दानी पार्टी सदस्यता शुल्क, लेवी, मन्त्री, सांसद तथा राजनीतिक नियुक्तिका लेवी एवम् खासखास केलामा लिइने चन्दा सहयोग हुने गरेको छ ।

रकम भुक्तानी गर्न माग

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २३ असार ।

नेपाल पत्रकार महासङ्घले सरकारले वृद्धि गर्ने भनिएको लोककल्याणकारी विज्ञापनको २५ प्रतिशत रकम हालसम्म भुक्तानी नगरिएकाले तत्काल भुक्तानीको व्यवस्था गर्न माग गरेको छ । महासङ्घका महासचिव उजिर मगरले सोमबार एक विज्ञप्ति प्रकाशित गरी बजेट वक्तव्यमा समेत उल्लेख भईसकेको विसं. २०७० साउनदेखि वृद्धि भएको लोककल्याणकारी विज्ञापनको २५ प्रतिशत रकम तत्काल भुक्तानी गरी पत्रकारहरूको समस्या समाधान गर्नसमेत आग्रह गरेको छ ।

ठूलो पर्दामा वर्ल्डकप-२०१४

त्यसको साथमा रु.५००।-मा
वियरसहित स्न्याक्स फ्रि !
सम्पर्क
डेनिज फेमिली रेष्टुरेन्ट
सभागृहचोक, पोखरा, फोन : ०६१-५४१७१२

के तपाईंमा यौनसम्बन्धी समस्या छ ???

पुरुषमा देखिने
शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।

महिलाहरूमा देखिने
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुबी, सेतो दुबी, साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरुषमा हुने बाँझोपन) नि:सन्तानको सफल उपचार

बाँच्ने समय : प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान
माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९५९८, ९८४६०४११३१, ९८०४१७२५३१

काठमाडौंका टाउको, नशा, मानसिक रोग विशेषज्ञ पोखरामा

डा. प्रविन भट्टराई (नशा तथा मनोरोग विशेषज्ञ (Neuro-Psychiatry)

TU Teaching Hospital मा विशेष अनुभव प्राप्त तथा मानसिक अस्पताल लगनखेलमा कार्यरत डाक्टर पोखरामा आउनुहुने भएकाले तल उल्लेखित समस्या भएका बिरामीहरुले पोखरामा नै बसी काठमाडौंको सेवा लिने मौका यहुटाउनुहोला ।

प्रत्येक महिनाको चौथो शनिबार

जाँच गरिने प्रमुख समस्याहरु

- लामोसमयदेखि टाउको दुखेमा
- मुटुको धड्कन बढ्ने, डर लाग्ने, मनमा कुरा खेल्ने, चिन्ता लिने, घट्पटी हुने
- बेहोस हुने, छोपे वा छारे रोग
- निन्द्रा नलाग्ने
- यौन इच्छा वा शक्तिमा कमि हुने
- मन दिक्क हुने, जाँगर नलाग्ने, शरीरमा तनत नभएको जस्तो हुने, खाना रुचि नहुने, आलस्य हुने
- हातखुट्टा तथा शरीर पोल्ने, झमझमाउने तथा लाटो हुने
- जाँड रक्सी तथा अन्य लागू पदार्थको समस्या
- बच्चाहरुमा रात्रि ओछ्यानमा पिसाब फेर्ने समस्या
- अचानक व्यवहारमा परिवर्तन
- उदासपन, जीवनदेखि निराश लाग्ने, आत्मबल कम हुने
- हातखुट्टाको नशा गल्ने, काप्ने, कमजोर वा काम नगर्ने समस्या भएमा तथा अन्य नशा एवं मनोरोग सम्बन्धी समस्याका लागि ।

मिति : २०७१ असार २८ गते शनिबार | समय : बिहान ८ बजेबाट

सम्पर्क स्थान : **पोखरा हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.,**
पोखरा-१०, इन्द्रचोक, (रंगशाला २ नं. गेट अगाडि)
फोन : ०६१-५२१४२४, ५२८२४३
फोनबाट समेत नाम दर्ता गराउन सकिनेछ ।

एचआईभी सम्बन्धी गोष्ठी शुरु

पोखरा २३ असार ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र र पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयको संयुक्त आयोजनामा पोखरामा सोमबारदेखि एचआईभी सम्बन्धी तथ्यांक प्रमाणिकरण गोष्ठी शुरु भएको छ । बुधबारसम्म चल्ने गोष्ठीमा पश्चिमाञ्चलका १६ जिल्लाका एचआईभी फोकल पर्सन, तथ्यांक अधिकृत तथा सहायक अधिकृत, जिल्ला एड्स समन्वय समितिका संयोजकहरु गरी ५० जनाको सहभागिता रहेको राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र पश्चिमाञ्चलका कार्यक्रम अधिकृत बबिन नेपालीले जानकारी दिए ।

गोष्ठीमा चालु आर्थिक वर्ष २०७०/२०७१ मा पश्चिमाञ्चल का १६ जिल्लामा संचालन गरिएको एचआईभी सेवाको समीक्षा गर्दै आउँदो आर्थिक वर्षका लागि रणनीति बनाईने छ । क्षेत्रीयस्तर बाट बनाइएका रणनीतिहरुलाई समेटदै राष्ट्रिय कार्ययोजना तय गरिने बताइएको छ ।

गोष्ठीको उद्घाटन गर्दै पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशक बालकृष्ण भुषालले सबैपक्षको मेहनत, सहकार्य र समन्वयका कारण नेपालमा एचआईभीको संक्रमण दर घट्दै गइरहेको बताए । 'संक्रमण दर घट्नु नेपालका लागि ठूलो उपलब्धी हो' उनले भने-लक्ष्यसम्म पुग्नका लागि अझै जिम्मेवारीका साथ अघि बढ्नुपर्छ । कार्यक्रममा राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका तथ्यांक अधिकृत वीरबहादुर रावल र फोकल पर्सन रेकबहादुर थापाले बोलेका थिए ।

(निरोज बजगाई/विद्यार्थी पत्रकार)

स्तरीय फिजियोथेरापी

स्पार्क अस्पताल, काठमाडौंका दुखाइ तथा प्यारालाइसिस विशेषज्ञ यूके तथा अमेरिकामा काम गरि अनुभव संगालु भएका वरिष्ठ डा.सुनिल पौडेल प्रत्येक महिनाको पहिलो शनिबार र यसपटक साउन ३ गते यसै हस्पिटलमा आउनुहुने भएकाले समयमै सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

उपचार हुने रोगहरु : प्यारालाइसिस, मुख बाङ्गिने, शरीरको ए वा दुवै भाग नचल्ने, हात खुट्टा झमझमाउने, पोल्ने, नशा तथा हड्डिका समस्याहरु । ढाड, कम्मर तथा गर्दन दुख्ने। डिस्क प्रोल्याप्स, हड्डि खिइएको, नशा च्यापिएको, वाथ, अर्थराइटिस, घुँडाका जोर्नीहरु दुख्ने, युरिक एसिड बढेको, टाउको दुख्ने, तनाव, अनिद्रा, पिनाश, पायल्स, अप्रेशन पछि गरिने फिजियोथेरापि ।

स्पार्क बि. एण्ड डि. हस्पिटल
सभागृहचोक, पोखरा-सभागृहको ठीक अगाडि (नबिल बैंक पछाडि)
फोन : ०६१-५२१४०८, ९८४६०३४३८४
स्वास्थ्य मन्त्रालयबाट स्वीकृति प्राप्त पोखराको प्रथम र एकमात्र प्राकृतिक चिकित्सा, फिजियोथेरापि तथा रिह्याबिलिटेशन अस्पताल

TOSHIBA
Leading Innovation >>>
REDEFINE YOUR VIEWING EXPERIENCE WITH FOOTBALL MODE
Crisp Action Details of Field Sports
Pro Theatre L4300 SERIES
FOOTBALL MODE

CG EOL

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा